लोकतन्त्रप्रति पूर्ण समर्पित
साप्ताहिक
नयाँ विमर्श
Naya Bimarsha National Weekly

## मुलुकभरका काँग्रेसी सरकारविरुद्ध उत्रिए

काठमाडौँ। प्रमुख प्रतिपक्ष दल काँग्रेस सरकारको विरोधमा उत्रिएको छ। काँग्रेसले गत माघ २१ गते ७७ जिल्ला सदरमुकाममा विरोध प्रदर्शनी गरेको थियो। सरकारको दम्भ र कार्यशैलीप्रति विरोध सभामा जनलहर उर्लिएको थियो। विरोधसभालाई



(बाँकी अन्तिम पृष्ठमा)

वर्ष १२, अंक २७, २०७५ माघ २५ गते शुक्रबार (Feb. 8, 2019) मूल्य रु. १०।- मू.अ.क.नं.३०४९७३८१५ website: www.nayabimarsha.com, www.nayabimarsha.com.np, www.nayabimarsha/weeklynepal.com

# भेनेजुएलाको भेलमा सरकार

काठमाडौँ। भेनेजुएला प्रकरणको कारण सत्तारुढ दल नेपाल कम्युनिष्ट पार्टी (नेकपा) र सरकार अप्ठेरोमा परेको छ। नेकपाका अध्यक्ष समेत रहेका पुष्पकमल दाहालले विज्ञप्ति जारी गरी भेनेजुएलामाथि हस्तक्षेप नगर्न अमेरिकालाई चेतावनी दिएपछि त्यो चेतावनीले नेपाललाई नै समस्यामा पार्न थालेको महसुस विभिन्न कोणबाट हुन थालेको छ। प्रधानमन्त्री खड्गप्रसाद शर्मा मुलुक बाहिर भएको बेलामा अध्यक्ष दाहालले अमेरिकाको उक्त कार्यको विरोध गरी हतारमा विज्ञप्ती जारी गरेको अवस्थामा त्यो कार्यले सरकार र नेकपालाई नै समस्यामा पारिदिएको अवस्था छ। विश्वको शक्तिमान राष्ट्रको रुपमा रहेको अमेरिकाले दाहालको विज्ञप्तीलाई लिएर एकदमै चासो देखाएको अवस्था छ।

भेनेजुएला प्रकरणमा सत्तारुढ दल नेकपा र सरकारसँग चिढिएका अमेरिकी राजदूत न्यान्डी बेरी प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीलाई भेट्न बालुवाटार पुगेपछि उनलाई थुम्थुम्याउने गरी प्रधानमन्त्री ओलीले धारणा राख्नुपरेको समाचार स्रोतले जानकारी दिएको छ। बेरीले प्रधानमन्त्री ओलीसँग भेनेजुएलाबारे अमेरिकी धारणा प्रस्ट्याएको समाचार स्रोतले जनाएको छ। भेनेजुएलाको राजनीतिक संकटमा नेकपा र सरकारले अमेरिकी भूमिकाको विज्ञप्तिमार्फत् आलोचना गरेपछि राजदूत बेरी चिढिन पुगेका थिए। सो भेटमा प्रधानमन्त्री ओलीले नेपालले पञ्चशीलका आधारमा सबै मुलुकसँग सम्बन्ध राख्ने र कुनै पनि मुलुकको पक्ष वा विपक्षमा नहुने भन्दै राजदूत बेरीलाई सम्झाउन खोजेको पनि राजदूत ओलीको भनाइप्रति विश्वस्त हुन नसकेको स्रोतले दाबी गरेको छ। यसरी चिढिएकै कारण राजदूत बेरी सरकारले गत शुक्रबार गरेको कूटनीतिक ब्रिफिङमा उपस्थित भएका थिएनन्। उनले सरकारको ब्रिफिङमा सामेल नभएर मात्र नभई सोही दिन दैनिक पत्रिकाका सम्पादकलाई दूतावासमै बोलाएर छलफल गरी नेपाल सरकारलाई अमेरिकी असन्तुष्टी जाहेर गरेका थिए। राजदूत बेरीले नेपाल सरकारले भेनेजुएलाको राजनीति नबुझेको भन्दै नेपाल र भेनेजुएलाका बीचमा खासै चासो राख्नुपर्ने विषय नभएको अवस्था स्पष्ट पार्दै त्यस्तो मुलकबारे नेपालले चासो राखेकोमा आश्चर्य पनि प्रकट गरेका थिए।

नेपालले पुरानो सम्बन्ध भएको मुलुकलाई समर्थन गर्नुको साटा खासै साइनो नै नभएको मुलुकका पछि लागेको भन्दै राजदूत बेरीले दुःख व्यक्त गरेको कुरा पनि आएको छ। विश्वको शक्तिशाली मुलुकको रुपमा रहेको अमेरिकासँग नेपालले बेलायतपछि दोस्रो कूटनीतिक सम्बन्ध स्थापित गरेको थियो। सो कुरालाई नेपाल सरकार तथा सत्तारुढ दलले बिर्सिएको आरोप पनि लगाइएको छ।

यो प्रकरणले नेकपामा समेत खैलाबैला मच्चिएको अवस्था छ। नेकपाको सचिवालय बैठकले नरम भाषा प्रयोग गरी यो प्रकरणलाई मथ्थर पार्न खोजे पनि त्यसले उचित काम गर्न सकेको छैन। नेकपाका अध्यक्ष पुष्पकमल दाहालले जारी गरेको खरो विज्ञप्तीको ढाकछोप गर्ने क्रममा सचिवालय बैठकले नरम शैलीमा पार्टीको धारणा स्पष्ट पारे पनि त्यसले अमेरिकालाई सन्तुष्ट पार्न सकेको छैन। दाहालले सीधै अमेरिकालाई हस्तक्षेप नगर्न भनेकोमा सचिवालय बैठकले भेनेजुएलाका जनताको सार्वभौम अधिकारको सम्मान हुनुपर्ने धारणा मात्र राखेको भनी दाहालको भनाइमा बचाउको नीति लिएको थियो।

उता, प्रधानमन्त्री ओलीका कूटनीतिक सल्लाहकार डा. राजन भट्टराईले आफ्नो आक्रोश नेपालका

(बाँकी अन्तिम पृष्ठमा)

## नेविसंघको बहस कांग्रेसमा

काठमाडौँ। नेपाली काँग्रेसको भातृ संस्थाको रुपमा रहेको नेपाल विद्यार्थी संघको म्याद थप गर्ने वा नगर्ने भन्ने कुरामा कांग्रेसमा विवाद बढेको अवस्थालाई लिएर काँग्रेस केन्द्रीय समिति बैठकमा छलफल भएको छ।

सो विषयमा सभापति शेरबहादुर देउवा पक्ष र वरिष्ठ नेता रामचन्द्र पौडेलका बीच कुरा मिल्न नसक्दा नेविसंघको हालको पदाधिकारीहरुको



म्याद गत भदौमा सकिएको अवस्थामा म्याद समेत कांग्रेसले अहिलेसम्म थप्दै

(बाँकी अन्तिम पृष्ठमा)

## दाहालको वक्तव्यले नेपाल हच्किए

काठमाडौँ। प्रधानमन्त्री केपी ओलीले अर्का अध्यक्ष पुष्पकमल



दाहालको वक्तव्यमा शब्द चिप्लिएको भन्दै बचाउ गरेका छन्। भेनेजुयला प्रकरणबारे दाहालको वक्तव्यप्रति अमेरिका असन्तुष्ट बनेको छ। यस्तो अवस्थामा नेपाल कम्युनिस्ट पार्टीका वरिष्ठ नेता माधवकुमार नेपाल भेजेजुएला नगई लाओस्को भ्रमण गरी गत माघ २२ गते स्वदेश फर्किएको नेकपा स्रोतले जानकारी दिएको छ।

वरिष्ठ नेता नेपाललाई भेनेजुएलाको मडुरो सरकारको

(बाँकी अन्तिम पृष्ठमा)

## 'न्यायाधीशको आड'मा सुब्बाको घुसखेती

काठमाडौँ। सत्ताधारी दल ने.क.पा.को शुभेच्छुक संस्था मानिने नेपाल निजामती कर्मचारी संगठन काठमाडौँका उपाध्यक्ष भोलानाथ चालिसे पाँच लाख रुपियाँ घुससहित अघिल्लो विहीबार पक्राउ परेका छन्। जिल्ला अदालत काठमाडौँको २६ नम्बर बेञ्चमा कार्यरत सुब्बाले सवारी ज्यान मुद्दा मिलाइदिने आश्वासन दिएर सेवाग्राहीसँग पाँच लाख घुस लिँदै गर्दा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले जिल्ला अदालत परिसरबाट पक्राउ गरेको थियो। न्यायाधीश बाबुकाजी वाङ्याका सहयोगी कर्मचारी चालिसे विगत तीन वर्षदेखि जिल्ला अदालतमा कार्यरत थिए र उच्च अदालत पाटनमा सरुवा भए पनि सत्तारुढ दलको दबाबमा जिल्ला अदालतमै बसिरहेको समाचार स्रोतले बताएको छ।

पक्राउ परेका सुब्बा चालिसेले भने न्यायाधीशको निर्देशनमा घुस लिएको दाबी गरेको समाचार स्रोतले बताएको छ। काठमाडौँ जिल्ला अदालतमा न्यायाधीशको चालकले समेत मुद्दा मिलाइदिने भनेर सेवाग्रहीसँग बार्गेनिङ्ग गर्ने गरेको लेखापढी व्यवसायमा आवद्ध व्यक्तिहरुले बताएका छन्।झ यसैबीच, काठमाडौँ जिल्ला अदालतमा विगत १६ वर्षदेखि कार्यरत स्टोरकिपर डम्बरबहादुर थापा पनि पक्राउ परेका नासु चालिसेकै पार्टनर रहेको बताइएको छ। अहिले जिल्ला अदालतमा कार्यरत खरिदार र सुब्बाहरु अरबपतिको हाराहारीमा पुगेको जिल्ला अदालत परिसरमा चर्चा चलेको छ। खरिदार थापाको काठमाडौँमा २-३ ठाउँमा घर र घडेरीसहित अकुत सम्पत्ति रहेको स्रोतले बताएको छ। यता जिल्ला अदालतभित्र क्यान्टिन चलाएर बसेका गोपाल सुवेदीले काठमाडौँ महानगरपालिकाका डिएसपी विष्णु जोशीलाई घूस ख्वाएर अदालत वरिपरी व्यवसाय गरेर बसेकाहरुलाई दुःख दिने गरेको समाचार प्राप्त भएको छ। अदालतभित्र विकृति भित्रिनुमा सुवेदी र उनीजस्तै विचौलियाहरुको हात रहेको भुक्तभोगीहरुले बताएका छन्। श्रेस्तेदार र न्यायाधीशलाई प्रभावमा पारेर सुवेदीले दादागिरि चलाएको आरोप छ।

(बाँकी अन्तिम पृष्ठमा)

## जनपक्षीय फैसला, एनसेललाई धक्का

काठमाडौँ। सर्वोच्च अदालतले पुँजीगत लाभकरको विषयमा एनसेल विरुद्ध परेको मुद्दामा परमादेश जारी गरेपछि त्यो फैसलालाई 'जनपक्षीय' भनी सामाजिक सञ्जालहरुमा प्रतिक्रिया आएका छन्। बुधबार प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणा सहितको पाँच सदस्यीय बृहद् इजलासले एनसेल र एक्जियटाबाट कर उठाउन परमादेश जारी गरेको थियो।

एनसेलले कर तिर्नुपर्छ भन्दै कानून व्यवसायी एवं निवेदक समेत रहेका द्वारिकानाथ ढुङ्गेल लगायतले बहस गरेका थिए। यसैगरी एनसेलका तर्फबाट अधिवक्ता भावेष गौतम सहितका कानून व्यवसायीले बहस गरेका

(बाँकी अन्तिम पृष्ठमा)

## नेपालीलाई ऋण बोकाएर पानीजहाज !

काठमाडौँ। प्रधानमन्त्री खड्गप्रसाद शर्मा ओलीको प्रथामिकतामा रेल र पानीजहाज परेको छ। नेपालको भौगोलिक हिसाबले रेल र पानीजहाज त्यति फलदायी नहुने ठानिएको छ। तराईको केही भागमा रेल सञ्चालन गर्न सकिने भए पनि पानीजहाज चलाउन असम्भव रहेको जानकारहरुले बताएका छन्।

कोशी र नारायणी नदीमा पानी जहाज चलाएर नेपालको समृद्धि हुन नसक्ने बताइएको छ। स्थिर सरकार बनेको एक वर्ष पुग्न लाग्दा पनि आर्थिक सूचकहरु सकारात्मक बन्न नसकेको र अर्थतन्त्रले गति लिन नसकेको अवस्थामा विदेशीको ऋण अनुदानले पानीजहाज सञ्चालन गर्दा नेपालीहरुले टाउकोमा थप ऋणको भारी बोक्नुपर्ने चर्चा चलेको छ। सरकारले पानीजहाज र रेलका लागि कार्यालय समेत स्थापना गरिसकेको समाचार स्रोतले जानकारी दिएको छ। स्वदेशका निजी क्षेत्रलाई तर्साएर विदेशी अनुदानको भरमा मात्र पानीजहाज चलाउन खोज्नुलाई राम्रो संकेत मानिएको छैन। आन्तरिक लगानी बढ्न नसक्नु र वैदेशिक लगानी घट्नुले सरकरको समृद्धि उल्टो गतिमा चलेको अर्थविश्लेषकहरुले बताएका छन्। विकास निर्माणको क्षेत्रमा सरकारले निजी क्षेत्रका उद्योगीहरुसँग सल्लाह

(बाँकी अन्तिम पृष्ठमा)

## वाइडबडीको अनियमितता कता हरायो ?

काठमाडौँ। प्रतिनिधि सभाको सार्वजनिक लेखा समितिले नेपाल वायु



सेवा निगमले एअर बस - ३३० खरिद गर्दा आर्थिक अनियमितता भएको ठहर गरेर थप छानबिन र कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई सिफारिस गरेको थियो। यसैगरी समितिले अनियमिततामा संलग्न व्यक्तिलाई कारबाहीका लागि सरकारलाई निर्देशन दिने पनि निर्णय गरेको थियो। परन्तु, सरकारले भने हतारमा न्यायिक जाँचबुझ समिति गठन गरेर संसदीय समितिको निर्णय प्रभावहीन बनाउने जाल रच्यो। संसदीय समितिको ठहरमा एअर बस खरिद

(बाँकी अन्तिम पृष्ठमा)

## आयलमा नयाँ निर्देशकको पुरानै पारा

काठमाडौँ। नेपाल आयल निगममा करिब १४ महिनापछि नयाँ कार्यकारी निर्देशक सुरेन्द्र पौडेल भित्रिएका छन्। पुराना कार्यकारी निर्देशक गोपालबहादुर



खड्काले राजीनामा दिएपछि निगमको नेतृत्व निमित्त कार्यकारी बनेर सुशील भट्टराईले सम्हालेका थिए। निगमको ४९ औं वार्षिकोत्सव हुनु ठीक एक दिन अगाडि पौडेलले पद बहाली गरेका थिए। निमित्त कार्यकारी निर्देशक भट्टराईले दुई अर्ब ६७ करोड रुपियाँ नाफासहित पौडेललाई जिम्मेवारी बुझाएको निगम स्रोतले बताएको छ।

निगमको ४९ औं वार्षिकोत्सवमा

(बाँकी अन्तिम पृष्ठमा)

## अख्तियार फेरि पूर्वमन्त्रीतिर जाइलाग्यो

काठमाडौँ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगको प्रमुख आयुक्त नवीन घिमिरे बनेपछि सुस्ताएको



अख्तियार फेरि सक्रिय बन्न थालेको छ। आयोगले गत माघ २० गते पूर्वमन्त्रीद्वय टेकबहादुर गुरुङ्ग र बद्री न्यौपानेसहित १४ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

पूर्वमन्त्रीद्वय गुरुङ्ग र न्यौपानेलाई समाज कल्याण परिषद्को स्वामित्वमा रहेको भृकुटीमण्डपको जग्गा भाडामा दिंदा अनियमितता गरेको आरोप लगाएको छ। गुरुङ्ग तत्कालीन प्रधानमन्त्री सुशील कोइरालाको पालामा र न्यौपाने बाबुराम भट्टराई नेतृत्वको सरकारमा श्रममन्त्री बनेका थिए। पूर्वमन्त्रीद्वय गुरुङ र न्यौपानेलाई ३१

(बाँकी अन्तिम पृष्ठमा)

## कर्मचारी समायोजन ठूलालाई मस्ती, सानालाई सास्ती

काठमाडौँ। लामो समयदेखि चर्चामा रहेको कर्मचारी समायोजन प्रक्रिया तुहिने सम्भावना बढेको छ। समायोजन प्रक्रिया असफल भए संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री लालबाबु पण्डित असफल हुने र प्रदेशसमेत धरापमा पर्ने जानकारहरुले बताएका छन्। तल्ला तहका कर्मचारी खरिदार र सुब्बालाई घोक्रेठ्याक लगाई सहसचिव, उपसचिव र शाखा अधिकृतलाई जोगाउन खोज्दा समायोजन प्रक्रिया अलपत्र बन्ने खतरा बढेको समाचार स्रोतले बताएको छ।

अर्थ मन्त्रालयका १४ जना उपसचिवलाई ७ वटा प्रदेशमा दुई-दुईजनाका दरले पठाइने भएपछि उनीहरुलाई संघमै राख्न अर्थमन्त्रालयले दबाब दिएको छ। राजस्व समूहका कर्मचारीहरुलाई जोगाउन अर्थमन्त्रालयले बजेटसमेत रोक्ने धम्की दिएको बताइन्छ।

सर्भरको प्राविधिक समस्या देखाएर शक्तिशाली कर्मचारीहरु संघमा बस्न चलखेल गरेको कर्मचारी वृत्तमा चर्चा चलेको छ। यता संघीय मामिला तथा सामान्य प्रशासन सचिवको अवकाश नजिकिँदै गर्दा आफ्ना कर्मचारी र नातेदारलाई प्रदेशमा नपठाउनका लागि समायोजन प्रक्रियामा ढिलाइ गरेको सम्बद्ध स्रोतले बताएको छ। अहिले कर्मचारी प्रशासन शाखा र समायोजन महाशाखाका सहसचिवलाई विभिन्न शक्तिकेन्द्रबाट आफ्ना नातेदारहरुलाई

(बाँकी अन्तिम पृष्ठमा)

## संसदमा प्रश्नोत्तर

काठमाडौँ। सांसदहरुको प्रश्न र सम्बन्धित मन्त्रीहरुको उत्तर गराउने अभ्यास प्रतिनिधिसभाले शुरु गरेको छ। सांसदहरुले लिखित रुपमा संसद सचिवालयमा प्रश्न राखेपछि आवश्यकता अनुसार प्रश्नोत्तर गराउने व्यवस्था मिलाइएको छ। गृहमन्त्री रामबहादुर थापाले बुधबार प्रतिनिधिसभा सांसदहरुको प्रश्नहरुको उत्तर दिने क्रममा कांग्रेसका सांसद गगन थापाको 'उपप्रधानमन्त्री एवं रक्षामन्त्री ईश्वर पोखरेलले पाँच दिनभित्र सार्वजनिक गर्ने घोषणा केही समय अगाडि गरेका थिए, तर अपराधी किन पत्ता लागेनन् ?' भन्ने प्रश्नमा उपप्रधानमन्त्री पोखरेलको छिट्टै पत्ता लाग्छ भन्ने आशय हुनसक्ने भन्दै

(बाँकी अन्तिम पृष्ठमा)

## खत्रीको आगमनपछि पिआइडीले गति लियो

काठमाडौँ। खानेपानी मन्त्रालयअन्तर्गतको आयोजना कार्यान्वयन निर्देशनालय (पिआइडी) गतिशील बन्दै अगाडि बढेको छ। २०७२ साल फागुन १३ गते आयोजना कार्यान्वयन निर्देशनालयको आयोजना निर्देशकमा तिरेशप्रसाद खत्री आएपछि विगतमा सम्झौता भई निर्माण हुन नसकेको र सुषुप्त अवस्थामा रहेको आयोजना अहिले प्रभावकारीरुपले अगाडि बढेको मन्त्रालय स्रोतले जानकारी दिएको छ। खत्रीले सडक विभाग र महानगरपालिकासँग २०७३ साल असारमा सहमति गरी पाइपलाइन विच्छ्याउने काम गरेका थिए। जुन, कामलाई पहिले सडक विभाग र महानगरपालिकाले सहमति नदिएको जानकारहरुले बताएका छन्।

आयोजना कार्यान्वयन निर्देशनालयले खानेपानी पाइप विच्छ्याउँदा क्षति भएको सडकलाई पुनर्स्थापना गर्न सरकारले ८५ करोड रुपैयाँ उपलब्ध गराएपछि र महानगरपालिकाले विग्रेभत्केका सडकको पुनर्स्थापना आयोजना निर्देशनालयको प्रोजेक्ट फण्डबाट निर्माण गर्ने भएपछि सहमति भएको हो।



शालीन र भद्र स्वभावका आयोजना निर्देशक खत्री आएपछि हालसम्म एक हजार बढी किमि पाइपलाइन विच्छ्याइएको बताइएको छ। जुन पहिले दुई सय किमि मात्र विच्छ्याइएको थियो। त्यसबेला अर्थात् खत्री आउनुभन्दा पहिले सुरु भएका नौवटा पानीपोखरी अहिले सम्पन्न भइसकेको जानकारी प्राप्त भएको छ। नौवटा पानीपोखरीहरुमा आरुबारी, महाँकाल, बाँसबारी, बालाजु, पानीपोखरी, खुमलटार, भक्तपुरको तिग्नि र कीर्तिपुर रहेको स्रोतले जानकारी दिएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

# प्रचण्डको वक्तव्य र वैचारिक लक्ष्मणरेखा

भेनेजुएला प्रकरणले नेपालको राजनीतिमा अनायास तरंग उत्पन्न गराएको छ । यो तरंग विचार आन्दोलनका सन्दर्भमा सुनामी नै भने पनि हुन्छ । प्रचण्डको वक्तव्यले नेपाल र अमेरिकासँगको सम्बन्धमा कस्तो असर पर्यो वा नेपाल र छिमेकीहरूसँगको सम्बन्धको जमिनलाई कता हल्लाइदियो वा नेपाल कुन अन्तर्राष्ट्रिय शक्ति गुटको कित्तामा प्रवेश भयो भन्ने प्रश्न स्वाभाविकरूपमा उठे पनि यी प्रश्नहरू गौण हुन् भन्ने मेरो बुझाइ छ ।

नेपालमा साम्यवादी विचारको पार्टीले नेतृत्व गरेको र साम्यवादी विचारलाई निर्विवाद स्थापित गराउन आन्तरिक गृहकार्य गरिरहेकाहरूको नेतृत्व छ । विगतमा यस नेतृत्वले अन्तर्राष्ट्रिय राजनीतिमा अमेरिकाविरुद्ध सडक तताउने काम नगरेको होइन । २०५२ सालमा तत्कालीन माओवादी पार्टीका तर्फबाट सशस्त्र हिंसाको आरम्भ गर्नुपहिले नेपाल सरकारलाई प्रस्तुत गरेको मागपत्रमा प्रमुख दुई अन्तर्राष्ट्रिय दुश्मन भनी किटान गरिएको थियो । छिमेकी भारतलाई विस्तारवादी दुश्मन र अमेरिकालाई साम्राज्यवादी दुश्मन भनेर घोषणा गरिएको थियो । तर कार्यकारणवश माओवादी आन्दोलन पश्चिमी सांस्कृतिक साम्राज्यवादको भरियामात्र भएन, उनीहरूकै भाषामा भारतीय विस्तारवादको करियासमेत हुनपुगेको देखिएको हो ।

नेपालमा विगतमा सञ्चालित सबै प्रकारका हिंसाहरू कुनै न कुनै रूपमा अरु कसैको सहारामा सञ्चालित भएको इतिहास प्रमाणित छ । अब पनि लामो समयसम्म जसले जुन उद्देश्यपूर्तिका लागि हिंसा आरम्भ गरे पनि विदेशीहरूको भरिया नभई स्वतन्त्र नेपालको जमिनमा मात्र निर्भर हुँदैन । माओवादी हिंसाको अन्तर्य जे भए पनि सबैलाई के लागेको थियो भने यो आन्दोलनले शान्तिपूर्ण अवतरण गरेको छ र लोकतन्त्रप्रति निष्ठा प्रकट गरेको छ । तर प्रचण्डको वक्तव्य र त्यसलाई सुधार गर्न आएको नेपाल सरकारको धारणाले नेपालमा साम्यवादी अधिनायकवाद र लोकतन्त्रवादबीच स्पष्ट लक्ष्मणरेखा छ र लोकतान्त्रिक प्रणालीको कुनै सुनिश्चितता छैन भन्ने प्रमाणित गरेको छ । यहाँनेर अमेरिकाको विरोध वा समर्थनको प्रश्न होइन । समर्थन र विरोध समयका आधारमा हुने गर्छ । एउटै धुरीमा रहेका अमेरिका, बेलायत, जर्मनी वा फ्रान्सका बीचमा समेत समयसमयमा मतभेद देखिने गरेका छन् । ती मतभेद उनीहरूको राष्ट्रिय स्वार्थ र आन्तरिक राजनीतिमा स्थापित गर्नुपर्ने सन्तुलनका आधारमा हुने गर्छन् ।

नेपाल सरकार वा सरकारको नेतृत्व गरिरहेको पार्टीका अध्यक्षले अमेरिकाको नीतिको समर्थन अनिवार्य गर्नै पर्छ भन्ने होइन । तर नेपालको साम्यवादी सरकारसँग अमेरिकाले देखाइरहेको उदार नीति, सहयोगकालागि बढाइरहेको हात, अनि आफ्नो रणनीतिक घेराभित्र साझेदार बनाउन लागेको अवस्थामा एक्कासि प्रचण्डले अमेरिकालाई भेनेजुएलाई जनतालाई विभाजित गर्न खोजेको, हिंसा चर्काउन खोजेको, सार्वभौमसत्ता र लोकतन्त्रलाई चुनौती दिन खोजेको अभियोग लगाएर वक्तव्य जारी गर्नु आफैँमा चकित पार्ने विषय हो । वक्तव्यले अमेरिकाले कु गर्न खोजेकोदेखि ग्राण्ड डिजाइनसम्मको सम्भावना देखेको छ । दाहालको यो वक्तव्यले २०५२ को अडानमा यथावत् रहेको र लोकतन्त्र मूल लक्ष्य नभएको स्पष्ट गरेको छ ।

प्रचण्डको यो वक्तव्यका विषयमा लेख्नुपर्दा केही विगतका परिघटना स्मरण गर्नुपर्ने हुन्छ । नेपालका साम्यवादीहरूले अफगानिस्तानमा सोभियत संघले फौज पठाएर कम्युनिस्ट सत्ता स्थापना गर्दा त्यसलाई हस्तक्षेप देखेनन् । उनीहरूले असीको दशकको त्यस घटनालाई पारस्परिक सहयोगको परिभाषाभित्र राखे । असीकै दशकमा साम्यवादी सत्ता भएको भियतनाममाथि अर्को साम्यवादी चीनले आक्रमण गर्यो । क्षति त चीनले नै भोगेको चर्चा त्यस समयमा थियो । तर नेपालका साम्यवादीहरू यसमा मौनम् समर्थनमा थिए । अफगानिस्तानमा तलिवान सत्ताविरुद्ध भएको अमेरिकी कार्बाहीको निन्दा गर्दै माओवादीले कट्टर धार्मिकसत्ताका नाउँमा चलेको तालिवानको समर्थनमा वक्तव्य जारी गरेको थियो । केही वर्षपहिलेको क्रोसिया प्रकरणमा साम्यवादीहरू मौन थिए ।

संसारबाट शीतयुद्ध अन्त्य भए पनि यसरी नेपालका साम्यवादी भने शीतयुद्धका



पुरुषोत्तम दाहाल

अवशेषको भारी कहिले बोक्ने र कहिले बिसाउने गरिरहेका छन् । भेनेजुएलासँग नेपालको कुनै साइनो सम्बन्ध छैन । दक्षिण अमेरिकी राज्यहरू अमेरिकाको नीतिसँग असन्तुष्ट रहँदै आएका छन् । खासगरी क्युबामा फिडेल क्यास्त्रोले अमेरिकाविरुद्ध आफूलाई सशक्तरूपमा उभ्याएपछि दक्षिण अमेरिकाका अनेक राज्यले अमेरिकाविरुद्ध आफूलाई सक्रिय पारेका विगत छ । भेनेजुएलाका वर्तमान राष्ट्रपति निकोलस मदुरोको पृष्ठभूमि अमेरिका विरोधी वामपन्थी भएका कारणले अमेरिकाले उनको सत्ता बिस्थापित गराउन सबै चाल चाल्नु स्वाभाविक हो । ठीक यसको विपरित ठूला राष्ट्रहरूको दबदबाबाट आफ्नो राष्ट्रलाई जोगाउने प्रयास गर्नु, स्वतन्त्रता र सार्वभौमिक अखण्डता जोगाउने रणनीति बनाउनु साना राष्ट्रका लागि अनिवार्य पनि हो । तर समयको चाललाई महसुस गर्न सकेन भने ठूला माछाको आहारा साना माछा भएजस्तै गरी ठूला र शक्तिशाली देशहरूको आहारा साना देशहरू हुनुपर्नेछ ।

भेनेजुएलाका राष्ट्रपति मदुरोको शपथ ग्रहण समारोहमा नेपालबाट नेपाल कम्युनिस्ट पार्टीका एकजना केन्द्रीय सदस्य भाग लिन पुगेको चर्चा सुनिएको थियो । उनी नेपाल सरकारको प्रतिनिधि भएर गएका थिए कि नेपाल कम्युनिस्ट पार्टीको अथवा स्वतन्त्ररूपमा त्यहाँ पुगेका थिए कसैले जानकारी दिएको छैन । तर भेनेजुएलाका राष्ट्रपतिविरुद्ध चर्केको आन्दोलनमा विपक्षी पार्टीका नेता हुवान गुइदोलाई सरकार गठन गर्न र उनको सरकारलाई मान्यता दिन अमेरिकाले गरेको प्रयासविरुद्ध नेपालको सत्तारुढ कम्युनिस्ट पार्टीका अध्यक्षले देखाएको हतारो, कम्युनिस्ट नेतृत्वको परराष्ट्र मन्त्रालयले जारी गरेको वक्तव्य तथा नेपाल कम्युनिस्ट पार्टीका प्रवक्ता नारायणकाजी श्रेष्ठले प्रस्तुत गरेका विचार हेर्दा सरकार, पार्टी सबै नै अमेरिकी नीतिविरुद्ध एकताबद्ध रहेका पुष्टि हुन्छ । अमेरिकाविरुद्धको नीतिलाई प्रकट गर्दै नेपालमा समेत साम्यवाद र लोकतन्त्रवादका बीच स्पष्ट संघर्ष छ भन्ने सन्देश यी सबै मन्तव्यले दिएका छन् ।

संयोग नै मान्नुपर्ने हुन्छ, अमेरिकी रणनीतिको विशेष हिस्सा मानिएको विश्व आर्थिक मञ्चको ४९ औँ बैठकमा प्रधानमन्त्री खड्गप्रसाद ओली सहभागी भएर भर्खरै फर्किनुभएको छ । उहाँले त्यहाँ आफ्नो सरकारका अनेक सफलताका कथामात्र भन्नुभएन, नेपाल अब लोकतन्त्रको बाटोमा प्रतिबद्ध भएको, लगानीकालागि वातावरण बनेको, नेपालले राजनीतिक स्थायित्व प्राप्त गरेको जस्ता भनाइ राखेर धनी विश्व बजारको आँगनमा गरिब नेपाललाई चिनाउने काम गर्नुभएको थियो । नेपाल फर्केर उहाँले सहभागिताबाट आफू अत्यन्त उत्साहित भएको जानकारी नेपाली प्रेसलाई दिनुभएको थियो । यो आर्थिक मञ्चलाई धनी राष्ट्रहरूको पिकनिक थलो भन्ने गरिन्छ । यस थलोमा सहभागी हुँदा नेपालको गौरब बढेको अनुभव सरकारमा बस्नेहरूले गरिरहेका सुनिन्छ । धनी राष्ट्रहरूको यस भेलामा प्रधानमन्त्रीले भाग लिनुभन्दा केही दिनपहिले मात्र नेपालका परराष्ट्रमन्त्री अमेरिका पुग्नुभएको थियो । करिब सत्र वर्षपछि नेपालका परराष्ट्रमन्त्रीले अमेरिका भ्रमण गरी त्यहाँका परराष्ट्रमन्त्रीको न्यानो आतिथ्यता पाउनुभएको हो ।

अमेरिकी विदेश मन्त्री माइकल रिचार्ड पोम्पेओसँगको सम्वादमा सम्बन्धलाई थप सबल तुल्याउन र दुईपक्षीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय विषयहरूमा समेत सम्वाद भएको बताइएको थियो । यसलाई पुष्टि गर्दै नेपालका लागि अमेरिकी राजदूत यान्डी बेरीले नेपाली सञ्चारमाध्यमसँग कुराकानीका क्रममा नेपाल र अमेरिकाका परराष्ट्रमन्त्रीहरूका बीचको सम्वादले सम्बन्धलाई छुट्टै ट्र्याकमा लगेको, सहकार्यका क्षेत्रहरू पहिल्याएको, कुन क्षेत्रमा ब्यस्त रहने र कुनमा सहकार्य गर्ने जस्ता विषयमाथि छलफल भएको जानकारी दिएका छन् । उनले नेपालमा अमेरिकी चासो स्पष्ट गर्दै भनेका छन्- लोकतन्त्रमा विश्वास र सहकार्यमा विकास अमेरिकाको चासो हो । अमेरिकी सरकार भेनेजुएला प्रकरणमा सरकार वा सरकारको नेतृत्व गरिरहेका पार्टीका अध्यक्षको वक्तव्यबाट आश्चर्यचकित भएको आसयसमेत राजदूतले प्रकट गरेका छन् ।

नेपालको भूराजनीतिको संवेदनशीलतालाई शक्तिराष्ट्रहरू वा छिमेकी राष्ट्रहरू सबैले नै आफ्नो स्वार्थको तुलोमा राखेर बुझ्ने गरेका हुन्छन् । तर नेपाल आफैँले आफ्नो स्वार्थको तराजुमा आफूलाई राख्ने काम गरेको देखिँदैन । नेपालले आफूलाई कुन देश वा कुन राजनीतिक शक्तिसँग कुनबेला ब्यस्त रहनुपर्ने हो छुट्याउन सकेको छैन । आन्तरिक राजनीतिमा लोकतन्त्रवाद र साम्यवादबीच मतभेद चलिरहेको सन्दर्भमा सरकार चलाउनेहरूले आफूलाई साम्यवादका कित्तामा उभ्याएपछि नेपालको लोकतन्त्रको भविष्यसमेत सन्देहमा परेको छ । खासगरी वि.सं. २०६२ सालको बाह्रबुँदे सम्झौताले निर्माण गरेको राजनीतिक सहमतिको धरातल र लोकतन्त्रको अनिवार्यतालाई अहिलेका परिघटनाहरूले निरस्त पार्न लागेको देखिन्छ । नेपाल कम्युनिस्ट पार्टीका अध्यक्षको वक्तव्य वा सरकारको स्पष्टीकरण अमेरिकी सत्तापक्ष वा विपक्षमा भन्दा पनि विचारको पक्ष र विपक्षमा आफूलाई उभ्याएको छ ।

के नेपालको स्वार्थ अहिलेका समयमा लोकतन्त्रका पक्षमा उठेका आवाजहरूका विपक्षमा उभिँदा सुरक्षित हुन्छ ? कि विगतमा सम्पन्न शान्ति प्रक्रिया र परिवर्तनका सिद्धान्तहरूको असफलता अपरिहार्य गराउने प्रपञ्च मञ्चन हुँदैछ ? केही दिनपहिले एउटा ढंगले कूटनीतिक सम्बन्धलाई सबल तुल्याउन प्रयास गर्ने र अर्को दिन लगत्तै ती सबै मर्यादाका सीमाहरू उल्लंघन गर्दा अन्तर्राष्ट्रिय सम्बन्धमा नेपालको विश्वसनीयता कायम रहनसक्छ ? लोकतन्त्रविरुद्ध उभ्याउन खोज्दा हुन सक्ने द्वन्द्वलाई थेग्न सक्ने सामर्थ्य नेपालसँग छ रु सत्य के हो भने कसैको पनि आन्तरिक मामिलामा हस्तक्षेप हुनुहुँदैन । यस सत्यलाई तत्कालीन माओवादीका अध्यक्ष वा नेपाल कम्युनिस्ट पार्टीका नेताहरूले आफ्नै देशका सन्दर्भमा कति अनुभव गर्नुभएको छ ? भेनेजुएला प्रकरणमा नेपाल बोल्नैपर्ने थियो त रु त्यसप्रकरणलाई उपेक्षा गर्दा नेपालले कुनै क्षति बेहोर्नुपर्ने थियो कि ? तर यी प्रश्नको उत्तर जे भए पनि भेनेजुएला प्रकरणमा नेपाल नराम्ररी फसेको छ र आन्तरिक राजनीतिमा समेत यसले कित्ताकाट गरेको छ । यो परिघटनाको पाठ सरकारी नेतृत्वले कुनरूपमा लिने हो त्यसैमा अन्तर्राष्ट्रिय राजनीतिको समेत भूमिका नेपालको सीमामा तय हुने सम्भावना रहन्छ ।

# कांग्रेसको भविष्यमा युवाको भूमिका

संसदमा कांग्रेसको जोडदार असहमति र विरोधकै बीचमा माथेमा आयोगको प्रतिवेदन र डा । गोबिन्द केसी सँग सरकारले गरेको सम्झौताविपरीतको चिकित्सा शिक्षा विधेयक पारित गरिएपछि देशको राजनीति ध्रुवीकृत र तिक्ततापूर्ण हुन पुगेको छ । प्रमुख विपक्षी नेपाली कांग्रेसले सरकारको यस रबैयाको जोडदार विरोध गरेको छ । यो जायज र अपरिहार्य पनि छ । (म यस लेखमा भने कांग्रेस महासमितिमा केन्द्रित हुन खोज्दै छु । म महासमितिकै लागि भनेर नेपाल आएकी थिएँ । कांग्रेसले महासमितिको 'कोर्स' पूरा गरेको छ । बैठकबाट धेरै आशा र अपेक्षा गरिएको थियो । महासमिति बैठक केही उत्तर र केही अनुत्तरमै सकिएको छ । देशैभरका र विदेशमा रहेर कांग्रेसको राजनीतिमा क्रियाशील सम्पर्क समितिअन्तर्गतका महासमिति सदस्यहरुको उपस्थितिमा बैठक सम्पन्न भयो । गएको संघ र प्रदेश सभाको निर्वाचनपछि पार्टीभित्र यस बैठकको ठूलो प्रतीक्षा थियो । म दक्षिण कोरियाको सम्पर्क समिति अध्यक्ष र महासमिति सदस्यको हैसियतले बैठकमा भाग लिन आएकी थिएँ । दक्षिण कोरिया फर्किने तरखरमा छु । महासमिति बैठकमा भाग लिन आउँदा र अहिले फर्किँदै गर्दा नितान्त भिन्न र अलग मनस्थितिमा छु । )

महासमितिले पराजयपछिको कांग्रेसलाई भविष्यका लागि पूर्ण र प्रष्ट बाटो देखाउनेछ, सिङ्गो कांग्रेस पंक्तिलाई उत्साह र ऊर्जाले भर्नेछ भन्ने सोचेकी थिएँ । महासमितिमा आउँदै गर्दा यस्तै मानसिकतामा थिएँ । तर, महासमिति सीमित कार्यसम्पादनबाहेक औपचारिकतामा सीमित रहँदा खिन्न र भग्न मनस्थितिमा छु । यस खिन्नताले मेरो व्यक्तिगत जीवनमा भने केही राम्रो भएको छ । म मेरो प्रिय पार्टी नेपाली कांग्रेसका लागि नेपालमै बसेर योगदान गर्न चाहन्छु । मैले सोचेँ - अब भवष्यको सशक्त कांग्रेस निर्माणको दायित्व कोही एक जनाको मात्र, कुनै एउटा पुस्ताको मात्र होइन र अनि कुनै एउटा विचारको मात्र पनि होइन । यो त सामूहिक प्रयत्नले मात्र सम्भव छ । सामूहिक भावनाले मात्र सम्भव छ । हामी सम्प्रर्णले, अझ हाम्रो सचेत, सक्षम र गतिशील युवा जोस र होसले कांग्रेसलाई सौर्य मिल्ने छ । नेतृत्वबाट मात्र आश गरेर हाम्रो दायित्व पूरा हुँदैन । नेतृत्व एक्लैले मात्र पनि पूरा गर्न पनि सक्दैन र अझ भनौ नसक्ने नै रहेछ ।

हाम्रो काँधमा पार्टी पुनःनिर्माणको गहन जिम्मेवारी छ । प्रत्येक तहका कांग्रेसीले सोच्नुपर्ने कुरा यही हो । हामी चुप बस्नु हुँदैन । हामीले केही नवीन सोच र नवीन कर्महरुमा ऊर्जा र जाँगर लगाउनै पर्छ । म चाहन्छु नेपालमै बसेर अप्ठेरोमा रहेको, देशको राजनीतिको किनारमा पुगेको कांग्रेसका लागि योगदान गर्न, साथ दिन । म दक्षिण कोरियाको सिओल नेसनल युनिभर्सिटीमा वातावरण विज्ञानमा विद्यावारिधि गरिरहेकी छु । साथै, वातावरण मन्त्रालयअन्तर्गतको कोरिया इन्भाइरोमेन्ट कर्पोरेसनमा अनुसन्धानकर्ताको रुपमा काम गर्दैछु । आगामी वर्ष मेरो पढाइ सकिँदै छ । तत्पश्चात नेपाल फर्किएर कांग्रेसलाई साथ दिने अठोट गरेकी छु । आधुनिक नेपाल निर्माणका लागि जननायक बीपी कोइरालाले जस्तो अवस्थामा नेपाली कांग्रेसको स्थापना गर्नुभयो, क्रान्तिको स्वर मुखरित गर्नुभयो र सिंगो देशको प्रत्येक तह र समूहलाई जोडेर निरंकुशताविरुद्द लडेर आधुनिक र स्वतन्त्र नेपालको जग बसाल्नुभयो, हामी कांग्रेस हुनुको कारण र आकर्षणको विषय यही हो । इतिहासमा नेपाली जनताका पक्षमा हर समय उभिएको कांग्रेस, लडेको कांग्रेस आज नेपालको राजनीतिमा लगभग बेखबर छ । हामी तरुण कांग्रेसहरुलाई सबैभन्दा धेरै दुखेको पक्ष यही हो । त्यो नेतृत्वदायी कांग्रेस खोइ ? त्यो वैभवशाली कांग्रेस खोइ ? त्यो पराक्रमी कांग्रेस खोइ ? त्यो गतिशील कांग्रेस खोइ ? त्यो मार्गीनर्देशक कांग्रेस खोइ ? त्यो अन्तरीष्ट्रिय ख्याति र प्रतिष्ठा भएको कांग्रेस खोइ ? हामीले अबको कांग्रेसभित्रको राजनीतिमा यी प्रश्नको उत्तर खोज्नु पर्ने हुन्छ । भेट्टाउन पर्ने हुन्छ । कांग्रेसको नवोत्थानका लागि । कांग्रेसको आधुनिकीकरणका लागि ।

यी माथीका प्रश्न निश्चय पनि त्यसै गरिएका हैनन । यिनका पछाडि कारण विभिन्न छन् । ती कारणहरुको गहिरो समीक्षाबेगर कांग्रेस लाई जीवन दिन सकिँदैन । महासमिति यस विषयमा चुक्यो । कांग्रेस वृत्त भित्रमात्र होइन कांग्रेस बाहिरको सचेत वर्गमा समेत कांग्रेसले भविष्यका लागि के विमर्श गर्ला भन्ने चासो र उत्सुकता थियो । यस सबालमा महासमितिले निराश मात्र बनायो । राजनीतिक र आर्थिक प्रस्तावहरूमा



आस्था बिन्दु मल्ल

इतिहासका राम्रा कामको मात्र चर्चा परिचर्चा गरियो । गम्भीर भुल र त्रुटिको समीक्षै भएन । प्रजातन्त्र पुनःस्थापना पछि पार्टी सत्तामा रहँदा पार्टीले बोलेको समाजवादमा के के काम भए या भएनन छलफलै भएन । छलफल हुनुपर्छ कि पर्दैन ? हुनुपर्ने थियो कि थिएन ? यो गम्भीर प्रश्न हो । विगतका कमजोरीको स्वीकृति र भविष्यमा गल्ती नगर्ने अठोट शक्तिशाली कांग्रेस निर्माणको पहिलो कदम हो ।

चुनावमा पार्टी र उमेदवारमात्रले हारेनन्, हामी कांग्रेसीले मात्रपनि हारेनौ । देशको सिङ्गो लोकतन्त्र र लोकतान्त्रिक पद्धतिले हार्ने अवस्था आयो । यो सानो कुरा हो ? नेपाली कांग्रेसको जन्म किन भएको थियो ? के कांग्रेस पुर्खाहरुले यसैका लागि जीवन दिएका हुन् ? कम्युनिस्ट पार्टीको सरकार छ, चौतर्फी सत्ताको आक्रमण भएको छ, हुँदै छ । राज्य धेरै विषयमा अनुदार हुँदैगएको छ । सरकारको व्यक्तिगत उन्नतिको सबालमा व्यक्तिलाई निराश बनाउने कदम घाँम झैं छर्लङ्ग छ । महिला र निरीह जनताको अवस्था झनै दयनीय बनाइएको छ । कांग्रेसप्रति बाहिरको वर्गमा समेत चासो रहनुका कारण यिनै हुन् ।

कांग्रेसको संगठनबाहिर रहेका नागरिकहरूकमा महासमितिमा कमजोरीहरु स्वीकार गरेर जनताको आवाज लिएर निस्कनेछ, निस्कियोस् भन्ने आशा थियो । लोकतन्त्रका नाममा लोकतन्त्रको चिरहरण भएको र हुँदैगरेको कुनै पनि नेपालीलाई न मन परेको छ, न चित्त बुझेको छ । जनताको यस भावनालाई कांग्रेसले मिहिन रुपमा बुझ्न र त्यसका लागि कांग्रेसले आफूलाई बुद्धिमत्तापूर्वक तयार गर्न जरुरी छ । गएको निर्वाचनमा पार्टी पराजयको जसअपजसकै सेरोफेरोमा पार्टी नेतृत्व पंक्ति अलमलियो । पार्टीको हारको वैचारिक र सैद्धान्तिक कारणहरुको गम्भीर अनुसन्धान र भविष्यका लागि उत्तम आधारहरुको खोजी तथा पहिचानका लागि राष्ट्रिय बहस हुनुपर्ने थियो । पार्टीभित्र मात्र नभएर पार्टी बाहिरले पनि स्वीकार्ने वैचारिक नेता भएको पार्टी हो नेपाली कांग्रेस । तर, पार्टीको त्यो वैचारिक समूहलाई न नेतृत्वले ठोस कार्यका लागि जिम्मेवारी दियो, न त्यो वैचारिक समूह आफैँ जुझारु भयो, न त्यो वैचारिक छवि भएका नेताहरुको महासमितिमा मधुरै स्वर भए पनि सुन्न पाइयो ।

कांग्रेस पार्टीमा, बीपी कोइरालाको पार्टीमा विचार र विचारबाहकको सुस्तता कसरी सुहाउँछ ? आजको दिन कांग्रेसमा विचार र सिद्धान्तको पक्ष र विपक्षमा धेरैभन्दा धेरै छलफल र बहस हुन जरुरी छ । अहिलेको समय भविष्यको कांग्रेसका लागि गम्भीरतापूर्वक सोच्ने समय हो । कांग्रेस नवनिर्माणका लागि पार्टीभित्र रहेको बेमेल र फुटको व्यवस्थापन पनि कम्ती महत्त्वपूर्ण हुँदैन । महासमितिको मंचमा शीर्ष दुई नेताहरू सभापति शेरबहादुर देउवा र वरिष्ठ नेता रामचन्द्र पौडेलले आपसमा हात मिलाएर भावनात्मक एकता भएको घोषणा गर्नुभयो । यो सकारात्मक विषय हो । तर, त्यतिले मात्र पुग्दैन । आगामी दिनमा कर्ममा त्यो झल्किनु पर्छ । एकताको तरङ्ग तल्लो तहसम्म सञ्चार हुनुपर्छ । यस कामका लागि हामीजस्ता तमाम कार्यकर्ताको क्रियाकलाप आआफ्नो ठाउँबाट सकारात्मक हुनु अपरिहार्य छ ।

मैले नेपालमा बसुन्जेल, पार्टीका सबै तहका नेता, नेतृत्व र साथीभाइहरुलाई भेट्ने र भलाकुसारी गर्ने अधिकतम प्रयास गरिरहेकी छु । सबैको चासो र चिन्ता के देखिन्छ भने पार्टीमा एकता भएन । कम्तीमा पराजयपछाडि सबैको मनमा यस कुराले गहिरो जरा गाडेको रहेछ । यो सकारात्मक हो । यो भावनाको आडमा पार्टीलाई एकढिक्का गरेर हिँडाउन सकियो भने राम्रो हुनेछ । अहिले आन्तरिक वैमनस्यलाई पैतालामुनि राखेर एक भएर कांग्रेस निर्माणका लागि लाग्यौं भनेमात्र हाम्रो यात्रा सुखद हुनेछ । नत्र हामी पुनः हारका लागि मात्र योग्य रहने छौं । अब, सबैले एकताको स्वरमा जुर्मुराऊँ, व्यक्तिभन्दा माथि उठेर, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पार्टीका लागि लागिपरौं । देशबाहिर रहेका कांग्रेसजनले पनि पार्टीप्रति केही थप दायित्व महसुस गरौं ।

महासमितिमा पार्टीको विधान केही परिमार्जन गरिएको छ । आवश्यकताअनुसार नभए पनि जे जति भएको छ त्यो पक्कै राम्रो भएको छ । जस्तै, केही पदाधिकारीको संख्या थप हुनु, समावेशी सहमहामन्त्रीहरु रहनु र अधिकांश पदाधिकारीको प्रत्यक्ष निर्वाचनको व्यवस्था गरिनु राम्रो काम भएको छ । यसले आकांक्षी र योग्य नेताको व्यवस्थापनमा सहयोग पुग्नेछ । प्रत्यक्ष निर्वाचनकै बाटोले योग्य नेताहरु नेतृत्वमा पुग्ने अवस्था बन्नेछ र अनि समावेशिताले सबै वर्गले पार्टीप्रति अपनत्व महसुस गर्नेछ । म महिला पनि भएकाले महिला नेतृत्वका सन्दर्भमा पनि केही मत छन् । महिलाले ३३ प्रतिशतको हक दाबीमात्रैले, अनि सहमहामन्त्रीमा आएको एउटा सिटले देशका सम्पूर्ण महिला हकहितको आन्दोलन सही बाटोमा आउँछ त ? महिलामाथिको सम्पूर्ण अन्याय, अत्याचार, विभेद र हिंसाको अन्त्य हुने परिस्थिति बन्छ त ? त्यसो हुन्थ्यो भने देशमा महिला राष्ट्र प्रमुख हुँदा निर्मलाको बलात्कार र हत्यामा सिङ्गो देश वर्षौं अधिकारका लागि आन्दोलित हुनपर्ने थिएन । छाउपडीका टहराहरु भत्किनु पर्ने थियो । यहाँ, कुरा महिला आरक्षणको मात्र भयो, महिलाहरुको योग्यता र क्षमताको कुरा भएन । राजनीतिक नेतृत्व नियोजितरुपमा महिलालाई टीका र दयाको पात्र बनाउँदै छ । अनि हामी महिला त्यसलाई महिला मुक्तिको कोसेढुङ्गा सम्झिएर बसेका छौं ।

पार्टी भित्र महिलाहरु ३३ प्रतिशतको हिस्सा मात्रै हौं कि ? परिवर्तन र नेतृत्वको संवाहक पनि हौं ? यो प्रश्न हामी महिलाहरुले आफैँसँग किन नगर्ने ? हामीले आफैँलाई यो प्रश्न गर्न ढिला भइसकेको छ । उदाहरण र अनुभवले के भन्न सकिन्छ भने, राजनीतिमा महिलाको उपस्तिथिले मात्र महिलाको अवस्थामा सार्थक परिवर्तन नआउने रहेछ । सार्थक परिणाम र परिवर्तनका लागि महिलाहरुमा बृहत एकता, योग्यता र इच्छाशक्तिको खाँचो हुन्छ । नेतृत्व तहमा पुगेका ३३ प्रतिशत महिलाको एउटै स्वर, एउटै उद्देश्य र एउटै अजेन्डा हुने हो भने नेपालमा महिला अधिकारको विषय ओठमा मात्र सीमित रहँदैन थियो । तर, महिला नेतृत्वहरु पार्टीको आन्तरिक राजनीतिको खेलमा फसेर विभाजित हुनाले महिला नेतृत्वको शक्ति अर्थहीन भएको छ । अब यो विषय पार्टीभित्र महिलाहरुले, अझ हामीजस्ता युवा महिला कार्यकर्ताले महसुस गर्न चुक्नुहुन्न ।

अन्त्यमा, अहिलेको कांग्रेसलाई हामी सबैको इमानदार साथ चाहिएको छ । हामी सबै कांग्रेसजनको इमानदार साथले निश्चय पनि कांग्रेस जाग्ने छ । कांग्रेसको उत्थान हुनेछ ।

*(अध्यक्ष, नेपाली कांग्रेस जनसम्पर्क समिति, दक्षिण कोरिया)*

प्रधान-सम्पादक/प्रकाशक : कौशलकुमार भट्टराई (९७५१०३८२३७)
सम्पादक : कृष्ण लम्साल (९७५१०३१६३२),
कार्यकारी सम्पादक : पिएमणि भट्टराई
कानूनी सल्लाहकार : अधिवक्ता हरि शरण जमकटेल
प्रधान कार्यालय : मध्यपुर थिमी-३, भक्तपुर
काठमाडौं-कार्यालय : बबरमहल, काठमाडौं
फोनः ०१-४२६७०६४
इमेल :nayabimarsha@gmail.com,
मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

## सम्पादकीय

# आन्दोलित चिकित्सकको मागलाई ध्यान देऊ

तलब सुविधा बढाउनुपर्ने माग राख्दै इन्टर्न डाक्टर ( चिकित्सक) हरु आन्दोलित भएका छन् । स्वास्थ्य विज्ञान प्रतिष्ठान तथा मेडिकल शिक्षा पढाइ हुने अन्य संस्थाहरुमा अध्ययनरत इन्टर्न र आवासीय डाक्टरहरुले विरोध गर्न शुरु गरेपछि त्यसले आन्दोलनको स्वरुप लिन थालेको हो । इन्टर्न तथा आवासीय डाक्टरहरुले पाकिस्तान तथा भारतमा जस्तै सेवा-सुविधा हुनुपर्ने माग राखी आन्दोलन थालेका हुन् । नेपालका इन्टर्न डाक्टरहरुलाई १० देखि १५ हजार रुपियाँसम्म मात्रै तलब सुविधा दिइँदै आएको भन्दै उनीहरुले आन्दोलित बनेका हुन् । बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा इन्टर्न डाक्टरहरु धर्नामा बसी आन्दोलनको थालनी गरेका हुन् ।

आन्दोलितहरुको मागमा हाल दिइँदै आएको तलब सुविधा बढाएर १६ हजार रुयियाँ पुऱ्याउनुपर्ने, प्रतिष्ठान प्रशासनले विद्यार्थी कल्याण कोषको रकम विद्यार्थीकै हितमा प्रयोग गर्नुपर्ने, प्रतिष्ठानको नियमानुसार वार्षिक रुपमा तलब वृद्धिदर लागू गर्नेपर्ने र रात्रिकालीन ड्युटीको भत्ता दिइनुपर्ने जस्ता मागहरु समेटिएका छन् । विद्यार्थी कल्याण समाजले गत असार १३ र असोज २५ गते बी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. गुरुप्रसाद खनालसमक्ष आफ्ना मागसहितको निवेदन पेस गर्दा पनि कुनै सुनुवाइ नभएको भन्दै उनीहरु रुष्ट थिए । उनीहरुले माघ १० गते उपकुलपति प्रा.डा. राजकुमार रौनियारसमक्ष सात दिने अल्टिमेटमसहित अर्को निवेदन गर्दा पनि कुनै सुनुवाई नभएपछि उनीहरु आन्दोलनमा उत्रिन बाध्य भएको बताइएको छ ।

मंगलबारबाट कालोपट्टी बाँधेर आन्दोलन थालेका उनीहरुले शान्तिपूर्ण आन्दोलनलाई सम्बोधन नगरिए कडा आन्दोलन थाल्ने चेतावनी दिएका छन् । प्रतिष्ठानको आकस्मिक कक्ष, ओपिडी र विभिन्न वार्डमा कार्यरत तथा धनकुटा, इलाम, झापा, मोरङ, उदयपुर, सप्तरी र सुनसरीका विभिन्न अस्पतालमा इन्टर्न गरिरहेका एमबिबिएस र बिडिएस डाक्टरहरु विद्यार्थी कल्याण समाजको व्यानरमा प्रतिष्ठानमा हाल धर्नामा छन् । प्रतिष्ठान र अन्य अस्पतालमा जम्मा एक सय ५० इन्टर्न डाक्टर कार्यरत छन् । यसरी उनीहरुले थालेको आन्दोलनले कडा रुप लिएको खण्डमा ती अस्पतालहरुका स्वास्थ्य सेवा नै प्रभावित हुन जाने अवस्था छ । त्यसैगरी सरकारले उनीहरुको आन्दोलनको सही सम्बोधन गर्न सक्नु उचित हुन्छ । अहिलेको जमानामा अपुग देखिएको तलब सुविधालाई समयानुकुल बढोत्तरी गर्नुपर्ने अवस्था देखिन्छ । सरकार तथा सम्बन्धित निकायले समस्याको सही समाधान पहिचान गरी उनीहरुलाई आन्दोलित बनिरहने अवस्थाबाट हटाउन सक्नु पर्छ । यसतर्फ सम्बन्धित निकायको ध्यान जान सकोस् ।

# एक्कैचोटि मेट्रो रेलमै जाने हो

**बलराम मिश्र**, महानिर्देशक- रेल विभाग



नेपालमा पछिल्लो समय रेल परियोजनाहरू अघि बढाउने सन्दर्भमा विभिन्न चर्चा परिचर्चा हुने गरेको छ । जनकपुर जयनगर रेलमार्ग निर्माणको काम अन्तिम चरणमा पुगे पनि रेल खरिद प्रक्रिया अघिबढेको छैन । काठमाडौं-रक्सौल जोड्ने रेलमार्ग तथा नेपाल-चीन जोड्ने काठमाडौं केरुङ जोड्ने रेल मार्गको बारेमा पनि सर्वत्र चासोसमेत हुने गरेको छ । यस्तै पूर्व-पश्चिम रेलमार्ग निर्माणका लागि पनि केही काम सुरु भएको छ । काठमाडौं उपत्यकामा मेट्रो तथा मोनो रेल सञ्चालन गर्नेबारेमा पनि चर्चा चल्ने गरेको छ । चर्चा गरिएअनुसार नेपालमा रेल परियोजनाहरू अगाडि बढाउन अहिलेसम्म के-के प्रगति भएको छ त ? प्रस्तुत छ यिनै विविध सन्दर्भमा केन्द्रित रहेर गरेको कुराकानी :

**० पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणको प्रक्रिया कहाँ पुग्यो ? यसबारेमा जानकारी दिनुस् न ।**

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग काँकडभिट्टादेखि गड्डाचौकीसम्म ९ सय ४५ किलोमिटरको विस्तृत अध्ययन भइसकेको छ । निकुञ्जको समस्याले एक ठाउँमा निजगढ हुँदै चितवनसम्म पुनः सर्वे गर्नुपर्ने अवस्था आयो । अरू लगभग सबै तयार भइसकेको अवस्था छ । त्यसमध्ये बर्दिबासदेखि निजगढ खण्डमा नेपाल सरकारले आफ्नै लगानीमा निर्माण काम पनि सुरु गरिसकेको अवस्था छ ।

**० केरुङ काठमाडौं रेलमार्गको बारेमा के काम भएको छ ? यसको अध्ययन अनुसन्धानको काम कहाँ पुगेको छ ?**

केरुङ काठमाडौं रेलमार्ग पूर्ण रूपमा चिनियाँ सहयोगमा अगाडि बढेको छ । त्यसको प्रि फिजिबिलिटीको रिपोर्ट हामीले पाएका छौँ । त्यसको डिटेल फिजिबिलिटी र डीपीआरका लागि चिनियाँ सरकारलाई अनुरोध गरेका छौँ । केही दिनपछि त्यो रिपोर्ट हामीलाई पनि प्राप्त हुन्छ । त्यसपछि निर्माणको काम सुरु हुन्छ । अहिलेसम्म भएको भनेको अत्यन्तै प्रारम्भिक अध्ययन हो । यो रेल्वेका लागि उपयुक्त मार्ग हो कि हैन भनेर गरिएको हो । यसमा उहाँहरूले अध्ययनका क्रममा के देखाउँनुभएको छ भने कठिन चाहिँ हो तर बनाउन चाहिँ सकिनेछ । तर अहिले बजारमा आएको जस्तो यति लागत उति लागत भन्ने त्यसमा उल्लेख छैन । डीपीआर आएपछि मात्र लागत बारे थाहा हुन्छ ।

**० काठमाडौं रक्सौल रेलमार्गको बारेमा के-के प्रगति भएको छ ?**

काठमाडौं रक्सौल रेलमार्गको सन्दर्भमा भारत सरकारको सहयोगमा प्रि फिजिबिलिटी सर्वे भएको छ । त्यसका लागि दुईवटा एलाइन्टमेन्टको बारेमा हामीलाई सुझाव दिनुभएको छ तर विधिवत आएको हैन । त्यो हेर्दा के देखिन्छ भने ४५ देखि ५० वटा सुरुङ बनाउनुपर्नेहुन्छ । त्यो दुईवटा एलाइन्मेन्ट बारेमा हामी डीपीआरका लागि हामी उहाँहरूलाई सुझाव दिन्छौं ।

**० जनकपुर जयनगरमा अघिल्लो वर्ष नै रेल गुड्ने भनिएको थियो तर अहिलेसम्म किन काम नसकिएको हो ?**

जनकपुर जयनगर कुर्था विजयपुरा ५२ किलोमिटर र बर्दिबासको १७ किलोमिटर एउटै खण्ड हो । अहिले सुरु भएको चाहिँ ५२ किलोमिटर मात्रै छ । यसमध्ये ३५ किलोमिटर रेलमार्ग पूरै, निर्माण भइसकेर हस्तान्तरण गर्ने अवस्थामा पुगेका छौँ । मलाई लाग्छ अब हप्ता, दुई हप्तामा सबै संरचना हस्तान्तरण हुन्छ । सञ्चालन गर्नका लागि के भयो भने हामीसँग भएको पुरानो नेपाल रेल्वे कम्पनी पूरै भङ्ग भइसकेको, हामी पूरै ब्रोडगेजको संरचनामा गएको, केही दिनअघि रेल खरिदका लागि गभर्नमेन्ट टु गभर्नमेन्टमार्फत रेलको सेट नै खरिद गर्ने आदेश प्राप्त भएको छ । सोहीअनुसार हामीले भारत सरकारमार्फत रेल खरिद गर्ने प्रक्रियामा छौँ ।

**० रेल कहिलेसम्म खरिद हुन्छ, यसको प्रक्रिया के भइरहेको छ ?**

खरिद प्रक्रिया अलि झन्झटिलो छ । यसका लागि सरकारी निकायहरूसँग हामीले प्रस्तावहरू माग गरेका छौँ । केही प्रस्ताव आएको छ, त्यसलाई मूल्याङ्कन गरेर त्यसलाई नेपाल सरकारमा मूल्यसहित स्वीकृतिका लागि पेश गर्छौं ।

**० जनकपुर- जयनगर रुटमा कहिलेदेखि रेल गुड्छ ?**

यो हामीलाई कहिले रेल प्राप्त हुन्छ भन्ने कुरामा भर पर्छ । रेल प्राप्त भएर मात्र पनि भएन रेल सञ्चालन गर्ने कर्मचारीहरू, प्राविधिकदेखि लिएर सबै चाहिन्छ । अहिले हाम्रो रेल्वे कम्पनीमा कर्मचारीहरू नभएकाले जुन भारतीय कम्पनीले हामीलाई रेल दिन्छ उनीहरूसँगै रेल सञ्चालन र हाम्रो मान्छेलाई तालिम गराउनका लागि एउटा सहमति गर्नेछौँ । रेल सञ्चालन चाहिँ २०७६ सालको सुरुको महिनामा नै हामीले टार्गेट गरेका छौँ । वैशाख जेठ जतिबेला अनुकूल हुन्छ हामी सुरु गर्छौं ।

**० रेल खरिदका लागि सरकारले छुट्याएको बजेट कतिको पर्याप्त छ ?**

नेपाल सरकारले रेल खरिदका लागि वार्षिक विनियोजनमै ५० करोड छुट्याएको छ । दुईवटा सेट खरिद गर्न र सञ्चालन गर्न हामीलाई अहिले झन्डै झन्डै सवा अर्बदेखि डेढ अर्ब रूपैयाँ चाहिन्छ । ५० करोड त हामीसँग छ तर बाँकी ७५ देखि ८० करोड रूपैयाँ नेपाल सरकारले उचित समयमा उपलब्ध गराउने आश्वासन पाएका छौँ ।

**० पूर्व-पश्चिम विद्युतीय रेलमार्ग निर्माणमा जुन गतिमा काम हुनुपर्ने थियो, त्यो गतिमा काम हुन सकेन भन्ने कुरा आइरहेको छ नि ?**

पूर्व-पश्चिम विद्युतीय रेलमार्ग बनाउने विषय जटिल हो । त्यसको अध्ययन अनुसन्धानका लागि पनि हामीले विदेशी गुहार्नुपर्ने हुन्छ । विदेशी गुहार्नुपर्ने भन्नाले कन्सल्टेन्सीका लागि पनि अन्तर्राष्ट्रिय बिडिङ गर्नुपर्नेहुन्छ । प्रायजसो विदेशी विज्ञहरूले नै आएर अध्ययन अनुसन्धान गरिराख्नुभएको छ । त्यसमा केही समय लाग्यो । अहिले निर्माण कामको हकमा ७० किलोमिटर बर्दिबासदेखि निजगढसम्मको काम सुरु गरेका छौँ । नेपाल सरकारले सबै अध्ययन सकेपछि द्रुत गतिमा काम अघि बढाउने सोच बनाएको छ ।

**० अध्ययन हुन बाँकी क्षेत्र कति छ ?**

पूर्वपश्चिम रेलमार्गका लागि पहिला सबै अध्ययन भइसकेको थियो । राष्ट्रिय निकुञ्जले गर्दा केही समस्या आएकाले हामीले अहिले निजगढबाट हेटौँडा हुँदै चितवन तम्सरियासम्म अध्ययन डीपीआर लगभग पूरा गर्ने अवस्थामा छौँ । यसका लागि कन्सल्टेन्सी छनौटको अन्तिम अवस्थामा छौँ । हामीले १ वर्षभित्रमा यसको डीपीआर गरेर दिन उहाँहरूलाई भनेका छौँ ।

**० काठमाडौं उपत्यकामा मोनोरेल, मेट्रोरेल चलाउने भन्ने कुरा पनि आइरहेको छ । यो कत्तिको सम्भव छ ? यसबारेमा के भइरहेको छ ?**

यसमा आवश्यकताअनुसार सबै कुरा आउने हो । काठमाडौं अहिले ५० लाखभन्दा बढी जनसङ्ख्याको सहर भइसक्यो । विदेशी विज्ञहरूले के सल्लाह दिएका छन् भने ४० लाखभन्दा बढी जनसंख्याको सहर भएपछि त्यहाँ मास ट्रान्सपोर्टको सेवा दिनुपर्नेहुन्छ । मास ट्रान्सपोर्ट भनेकै मेट्रो तथा मोनोरेल हो । अहिलेको सन्दर्भमा मोनोरेल कुनै सहरमा त्यति प्रभावकारी काम गर्न सकेको देखिँदैन । त्यसैले हाम्रो सल्लाह के हो भने बरु एक्कैचोटि मेट्रो रेलमै जाने हो । मेट्रो मास ट्रान्सपोर्टमा एकदमै सफल भएकाले अबको दिनमा मेट्रो रेलमै जान उपयुक्त हुन्छ ।

**० नेपालमा विभिन्न रेल परियोजनाका बारेमा प्रारम्भिक काम हुन लागेको छ । यसका लागि जग्गा पनि निकै चाहिन्छ होला । जग्गा प्राप्तिको अवस्था कस्तो छ ? रेल परियोजना अगाडि बढाउनका लागि अहिलेको नीति कस्तो छ ?**

हामीले विभिन्न निकायहरूसँग समस्या समाधानका लागि, राष्ट्रिय गौरवका आयोजना अघि बढाउनका लागि एउटा छुट्टै संरचना, नियम कानुन बनाएर काम गर्न पाएको भए सजिलो हुन्थ्यो । वर्तमान नियम कानुनबाट काम त भइरहेको छ । यसमा धेरै अफठ्यारा पनि आइरहेका छन् । यसका बाबजुद हामीले जग्गा अधिग्रहण गरेर ढिलो भए पनि काम अघि बढाएका छौँ । मेरो सल्लाह के छ भने यस्ता ठूला परियोजनाहरूका लागि एउटा छुट्टै ऐन कानुन भएको भए काम अलि छिटो छरितो तरिकाले हुन्थ्यो । यदि छिटो विकास गर्ने हो भने अहिलेको सार्वजनिक खरिद ऐनअनुसार काम गर्दा धेरै समय लाग्ने, जटिल भएको छ । बजेटमा पनि नेपाल सरकारले समयमा दिन नसक्ने अवस्था भएकाले यदि रेलकै विकास गर्ने हो भने छिटो गर्ने हो भने नयाँ नीतिहरू ईपीसएफ मोडेल या पीपीपी मोडेलमा जाँदा अलि छिटो विकास हुन्छ भन्ने मलाई लाग्छ ।

**० अरू परियोजना प्रस्तावहरू पनि आएका छन् ?**

अहिले हाम्रो मुख्य प्राथमिकता भनेको पूर्व-पश्चिम रेलमार्ग हो । भारत सरकारबाट ५ ठाउँमा रेल कनेक्टिभिटीअन्तर्गत २ ठाउँमा काम भइरहेको छ । तेस्रो काँकडभिट्टाबाट जलपाइगुढीसम्म छ । चौथो भनेको भैरहवा सुनौली छ । पाँचौं भनेको रूपैडियाबाट नेपालगञ्ज छ, त्यो चाहिँ भारतले बनाइदिने हो । हाम्रो चाहिँ अहिले पूर्व-पश्चिम रेलमार्ग, रक्सौल काठमाडौं केरुङ, काठमाडौं-पोखरा-लुम्बनी । अहिले हामीले चाहिँ यतिको प्लानिङ गरेका छौँ । कुनैको फिजिबिलिटी, कसैको डिटेल अध्ययन गरेर काम पनि अघि बढेको छ । अहिले सतहमा नदेखिने भनेको हामीले धेरैजसो अध्ययन अनुसन्धानको काम गरिरहेका छौँ । केही ठाउँमा निर्माणको काम पनि भइरहेको छ । बर्दिबासदेखि निजगढसम्म निर्माणको काम पनि अघि बढाएका छौँ । रेल नै विच्छ्याउने काम त भएको छैन । रेल नआई हुने भएन, त्यो जोडिनुपर्यो । बर्दिबासदेखि जोडिएपछि त्यसको प्रभावकारिता हुन्छ । त्यो बाहेक पूर्वतयारीका काम गरिरहेका छौँ ।

**० भारतले बनाइदिने भनेको रेलमार्गको प्रगति कस्तो छ ?**

भारतले बनाइदिने भनेको २ ठाउँको रेलमार्गमा उहाँहरूले गरिरहनुभएको छ । हाम्रो पनि समस्या के छ भने जग्गा अधिग्रहणमा हामीले पनि सहजता गरिदिनुपर्ने थियो, त्यो हामीले गरिरहेका छौँ । हाम्रो सामाजिक कानुनी अवस्थाले गर्दा समयमा जग्गा खाली नगरिदिने, दिएको मूल्याङ्कनका चित्त नबुझाउने, अदालत गइदिने वा अर्को तरिकाले विरोध गर्ने, जग्गा खाली छ भने पनि अवरोध गर्नेजस्ता कारणले समस्या भएको छ । लगभग लगभग त्यो धेरै कुरा हटेर गएको छ । भारतले दुई ठाउँमा काम सुरु गरेको रेल निर्माण केही दिनभित्र सम्पन्न हुन्छ ।

**० नेपालमा विभिन्न भागमा रेलमार्ग निर्माणका लागि योजना बनिरहेको छ । यसका लागि तपाईंहरूसँग भएको जनशक्ति र बजेट पर्याप्त छ कि छैन ?**

मैले अघि पनि भने यो विभाग नयाँ हो, तालिम प्राप्त जनशक्ति पनि छैन । अहिले नेपाल र भारत सरकार दुवैले जनशक्ति तयार गर्न मद्दत गरिरहेका छन् । छोटो तथा लामो अवधिको तालिमका लागि हामीले मान्छेहरू पठाइरहेका छौँ । रेलकै जनशक्ति त अहिले तयार भइसकेको छैन । सडक विभाग मन्त्रालयसँगै भएकाले हामीले धेरै सहयोग सडक विभागबाटै लिएका छौँ । तालिम दिएर भोलिका दिनमा आवश्यकता अनुसार रेलमा जनशक्ति खटाउने गर्छौं । जब रेलको पूरै विकास भइसक्छ त्यो बेला चाहेअनुसारको संरचना पनि तयार हुन्छ र त्यसअनुसार जनशक्ति पनि तयार हुन्छ । रेल सञ्चालनका लागि हामीले पुनः रेल्वे कम्पनीलाई पुनर्जीवित गर्न लागेका छौँ । हामीसँग पहिलेदेखि रेल्वे कम्पनी विधिवत थियो, त्यसलाई हामीले रिभाइव गर्ने प्रक्रियामा छौँ । रेल सञ्चालनका लागि भारतीय पक्षबाट लिएको जनशक्ति भोलि उहाँहरूलाई नै बुझाउने हो । बिस्तारै हामी पनि जनशक्ति तयार पार्छौं ।

*रातोपाटीबाट*

# पुँजी अभाव कम गर्न बैंकिङ बजारलाई स्वतन्त्र छाड्नु पर्छ

**नरबहादुर थापा**

नेपालको वित्तीय क्षेत्रसँग सम्बन्धित केही मुद्दाहरुको चर्चा विगत दुई वर्षयता हुँदै आएको छ । पहिलो चर्चित मुद्दा उच्च ब्याजदर हो । दोस्रो मुद्दा लगानीयोग्य साधन, तेस्रो अल्पकालीन तथा दीर्घकालीन ब्याजदर बीचको खाडल हो । चौथो मुद्दा बैंकका ऋणीका तुलनामा लघुवित्त संस्थाका ऋणीहरुले तिर्नुपर्ने उच्च ब्याजदर । पाँचौ मुद्दा शेयर मूल्यको भए पनि यो मुद्दाको समाधानका लागि हालसालै थुप्रै उपायहरुको घोषणा भइसकेको छ । विगत एक वर्षयता वाणिज्य बैंकहरुले ब्याजदरमा पटकरपटक गर्दै आएका भद्र सहमतिले सरोकारवाला सबैलाई क्षणिक राहत दिने गरेको छ । नीति निर्माता, दातृ निकाय र खोज संस्था तथा व्यक्तिले यी विषयहरुमा अझै अध्ययन तथा समाधानका उपायहरु पत्ता लगाउनु पर्ने देखिन्छ ।

**नीतिगत प्रयास**

चर्चित मुद्दाहरुको बहशलाई नेपालले विगतमा रणनैतिक सोचका साथ तर्जुमा गरेका नीतिका परिणाम स्वरुप हासिल गरेको रणनैतिक उपलब्धीहरुसँग जोडेर हेर्दा राम्रो हुन्छ । नेपालको वित्तीय क्षेत्रको आकार उलेख्ख बढेको छ । राष्ट्र बैंकको नियमन परिधिभित्र रहेका बैंक तथा वित्तीय संस्थाहरुको कुल सम्पत्तिले नेपाली अर्थतन्त्रको आकारलाई उछिनेको छ । २०७५ असारमा बैंक तथा वित्तीय संस्थाहरुको कुल सम्पत्तिको कुल ग्राहस्थ्य उत्पादनसँगको अनुपात १२२ प्रतिशत पुगेको थियो । शेयरको बजार पूँजीकरण अनुपात ४७ । ७ प्रतिशत पुगेको थियो । निजी क्षेत्रको लागि प्रवेश खुला गरिएको कारण वित्तीय क्षेत्रको आकारले अर्थतन्त्रको आकारलाई उछिन्न् सम्भव भएको हो । २०४० को दशक भन्दा पहिले नेपालको वित्तीय क्षेत्र निजी क्षेत्रको लागि खुला गरिएको थिएन । ब्याजदर निर्धारण बजारलाई छोडिएको थिएन । बैंकहरुको कर्जा पोर्टफोलियो पनि केन्द्रीय बैंकको नियन्त्रणमा नै थियो । अनिवार्य नगद अनुपात र बैधानिक तरलता अनुपात उच्च नै थिए । एक प्रकारले वित्तीय दमन ९नियन्त्रण० को अवस्था थियो । त्यही कारणले वित्तीय क्षेत्र फष्टाउन सकेको थिएन ।

वित्तीय क्षेत्रमा निजी क्षेत्रको प्रवेश खुला गरिसकेपछि नयाँ बैंक तथा वित्तीय संस्थाहरु संचालनमा आएको दुई वर्षभित्र अनिवार्य रुपले चुक्ता पूँजीको न्यूनतम ३० प्रतिशत सर्वसाधारण नेपालीको लागि शेयर विक्री खुला गर्नुपर्ने नेपाल राष्ट्र बैंकको नीतिगत प्रावधानका कारण नेपालमा शेयर बजारको विकास संभव भएको हो । वित्तीय संस्थाहरुको संख्यात्मक बृद्धिसमेत भएको छ । अहिले सरकारी संलग्नतामा रहेका बैंकहरुको बजार हिस्सा १५ प्रतिशतमा झरेको छ भने निजी क्षेत्रको ८५ प्रतिशत पुगेको छ ।

**नेपाली रुपैयाँको पुनर्मूल्यन**

वित्तीय गहनतामा तीव्र विस्तार आएको छ । विस्तृत मुद्रा प्रदाय, कुल आन्तरिक कर्जा, निजी क्षेत्रमा जाने बैंक कर्जा र बैंक तथा वित्तीय संस्थाहरुसँगको निक्षेपको कुल गाहस्थ्य उत्पादनसँगको अनुपातहरु वित्तीय गहनता मापनका सूचकहरुको रुपमा लिइन्छ । २०७५ असारमा विस्तृत प्रदायको कुल गार्हस्थ्य उत्पादनसँगको अनुपात १०२ । ९ प्रतिशत पुगेको थियो । कुल आन्तरिक कर्जाको अनुपात ९० । ४ प्रतिशत, निजी क्षेत्रमा जाने बैंक कर्जाको अनुपात ८१ । २ प्रतिशत र कुल निक्षेप अनुपात ९१ । २ प्रतिशत पुगेको थियो । वित्तीय गहनताका यी सबै सूचकहरुको आधार कानूनी गाह्यको रुपमा रहेको नेपाली मुद्राको चलन चल्ती नै हो । २०१३ सालमा राष्ट्र बैंक स्थापना भए पछिको एक दशकसम्म नेपाली रुपैयाँ ९नेरु० नेपालभरी पूर्णरुपमा चलनचल्तीको रुपमा आउन सकेको थिएन । त्यसताका भारतीय मुद्रा ९भारु० को नेपालमा ब्यापक चलन चल्ती थियो । भारु विस्थापित गर्न नेपालभर नेरुको चलन चल्ती बढाउने ऐन, २०१४ लागू गरियो । कानूनको प्रयोगले मात्र भारु विस्तापित गर्न नसकिएको सन्दर्भमा २०१७ बैशाख १ गतेदेखि प्रति भारु १०० को नेरु १६० तोकी असीमित सटही सुविधा दिने व्यवस्था भयो । त्यसभन्दा अगाडि केही प्रयोजनको लागि सरकारले नेरुरभारुको सटही दर तोक्ने गर्दथ्यो । यी सबै व्यवस्था गरिएतापनि नेरुले भारुलाई पूर्णतया विस्थापन गर्न सकेन ।

२०२३ जेठ २४ गते नेरुको भारुसँग ५७ । ५ प्रतिशतले पुनर्मूल्यन गरी प्रति भरु१०० को नेरु १०१ । ५५ सटही दर कायम गरियो । चलन चल्ती बढाउने उद्देश्यले गरिएको नेरुको पुनरमूल्यनले गर्दा भारुमा धन संचय गर्नेले ठूलो नोक्सानी व्यहोर्नु पर्यो । विदेशी मुद्रामा धन संचय गर्दा विनिमयदरको कारण ठूलो खती हुने पाठ सबैले सिके । यो नीतिगत कदमले गर्दा नेपालमा द्वय मुद्रा प्रणालीको अन्त्य भयो । नेरुको एकलौटी रुपमा चलन चल्ती बढ्यो । २०२३ जेठ २४ गते गरिएको नेरुको पुनरमूल्यनले नेपालको भारतसँगको व्यापार घाटा बढायो । मौद्रिक एकीकरणका लागि गरिएको पुनरमूल्यनले ब्यापार घाटा बढाउँछ भने कुरा नीति निर्मातालाई थाहा थियो । मौद्रिक एकीकरणका लागि चालिएको कदमबाट सफलता हासिल भइसकेपछि सो कारण भारतसँगको बढ्दै गएको ब्यापार घाटालाई सम्बोधन गर्न २०२४ मंसिर २२ नेरुलाई २४ । ७४ प्रतिशतले अवमूल्यन गरी प्रति भारु १०० को नेरु १३५ कायम गरिएको थियो ।

**छड्के विनिमयदर**

नेरुलाई चालु खातामा परिवर्त्यता प्रदान गरिसकेपछि सन् १९९० को दशकमा अमेरिकी डलरको नेपाली बजारमा कालो बजारी हुँदै आएको थियो । राष्ट्र बैंकले तोकेको दरभन्दा प्रिमियमा अमेरिकी डलरको कालोबजार हुने गर्थ्यो । त्यही कारण नेपाल भित्रिने अमेरिकी डलर भोटाहिटी तथा असन बजारमा कालो बजारी हुन गर्थ्यो । बैंकिङ क्षेत्रमा अमेरिकी डलर कमै मात्र आउँथ्यो । नेपालमा अमेरिकी डलरको कालो बजारी हुने एउटा कारण छड्के विनिमय दर थियो । भारु- अमेरिकी डलर दरलाई नेरुमा गरिने सटही दरलाई छड्के दर ९ब्रोकन क्रस रेट० भनिन्छ । नेरु अमेरिकी डलर दरभन्दा भारु - अमेरिकी डलर - नेरु दर बढी हुँदा नेपालमा अमेरिकी डलरको कालो बजारी फस्टाउने हुन्छ । उदाहरणको लागि २०७५ माघ २ गते नेरु-अमेरिकी डलर दर ११३ । ३६ रुपैयाँ थियो र भारु- अमेरिकी डलर भारु ७१ । ०३ थियो भने नेरु-भारुको दर नेरु १ । ६० लाई आधार मान्दा छड्के विनिमय ११३ । ६५ हुन आउँछ । छड्के विनिमय दर नेरु- अमेरिकी डलर दरभन्दा बढी हुनासाथ अमेरिकी डलरमा कालो बजारी हुन थाल्छ ।

अमेरिकी डलरमा हुँदै गरेको कालो बजारी रोक्न राष्ट्र बैंकले छड्के विनिमयदर भन्दा नेरु-अमेरिकी डलर दर एकदेखि दुई रुपैयाँले बढी हुने गरी रेफरेन्स दर निर्धारण गर्न थाल्यो । त्यसपछि नेपालमा अमेरिकी डलरमा हुँदै गरेको कालो बजारीको अन्त्य भयो । यो नीतिगत कदमले गर्दा एकातिर विदेशी विनिमयको संचिति बढ्दै गयो भने अर्कोतर्फ वित्तीय गहनतामा पनि विस्तार आयो ।

**वित्तीय मापदण्ड**

२०६० को शुरुवाती वर्षहरुमा बैंक तथा वित्तीय संस्थाहरुले अत्यधिक रुपमा जोखिम मोल्न थाले । वित्तीय ज्यादतीको फलस्वरुप कतिपय बैंकहरुको कर्जा-निक्षेप अनुपात १०० प्रतिशतभन्दा माथि गएको स्थिति पनि थियो । वाणिज्य बैंकहरुले चरम रुपमा तरलता अभावको समस्या भोग्न थाले । आर्थिक वर्ष २०६६-६७ मा पटकरपटक गरी राष्ट्र बैंकले १३२ अर्ब रुपैयाँ बराबर रिपो मार्फत बजारमा तरलता प्रवाह गर्यो । त्यस्तै गरी आर्थिक वर्ष २०६७र६८ मा पटकरपटक गरी रिपो मार्फत ९२ अर्ब तरलता बजारमा पठाउनु पर्यो । जति निक्षेप प्राप्त भयो सबै कर्जा दिँदा बैंकहरुले स्वभावतः तरलता समस्या व्यहोर्नु पर्ने हुन्छ । निक्षेप अल्पकालीन र कर्जा दीर्घकालीन प्रकृतिको हुने भएकाले जति निक्षेप आयो त्यति कर्जा प्रवाह गरेकाले त्यस समय बैंकहरुले तरलताको समस्या भोगेका थिए । अर्थतन्त्रमा भुक्तानी समस्या नआओस् भन्ने उद्देश्यले राष्ट्र बैंकले रिपो मार्फत ठूलो परिमाणमा तरलता प्रवाह गर्नु परेको थियो ।

बैंकहरुको अत्यधिक रुपमा जोखिम लिने तथा वित्तीय ज्यादती गर्ने प्रवृत्ति रोक्न, तरलता संकट दोहरिन नदिन र वित्तीय क्षेत्र स्थायित्व कायम गर्न राष्ट्र बैंकले २०६६ पुस २ गतेदेखि वित्तीय मापदण्डको रुपमा कर्जा पूँजी निक्षेप अनुपात सीसीडी सीमा ८० प्रतिशत तोकेको हो । कतिपय बैंकहरुको सीसीडी अनुपात त्यसताका १०० प्रतिशत माथि थियो । उनीहरुलाई दुई बर्षमा ८० मा झार्न भनिएको थियो । विगत दुई वर्ष क्रेडिट क्रन्चको अवस्था भएतापनि तरलता क्रन्चको अवस्था आएन । बैंकहरु माग अनुसार कर्जा दिन सक्ने अवस्थामा नरहेतापनि तरलता संकटको अवस्थामा छैन ।

**वित्तीय क्षेत्रमा देखिएका चुनौती**

विगतमा चालिएका नीतिगत प्रयासका कारण नेपालको वित्तीय क्षेत्र यहाँसम्म आइपुगेको हो । मुलुकको राजनैतिक परिवेश र संरचना फेरिएको छ, तर वित्तीय क्षेत्रको संरचना पछिलो दश वर्षयता फेरिएको छैन । वित्तीय क्षेत्रको दिशा स्पष्ट भइसकेको छैन भने गतिशिलता पनि मन्द प्राय छ । वित्तीय क्षेत्रमा देखिएका चुनौतीहरुमध्ये केही तल उल्लेख गरिएको छ ।

**ब्याज दरको खाडल**

विगतको तुलनामा बैंक कर्जादर उच्च नै छ । मागको तुलनामा लगानीयोग्य साधनको आपूर्ति हुन नसकेर बैंक कर्जादर दवावमा परेको हो । त्यसैगरी पहिलेको तुलनामा अल्पकालीन र दीर्घकालीन ब्याजदर बीच ठूलो खाडल छ । अन्तर बैंक सापटी सीसीडी प्रयोजनको लागि निक्षेपको रुपमा गणना गर्न पाइने प्रावधानका कारण २०७५ पुस मसान्ततिर वाणिज्य बैंकहरुको अन्तर बैंक ब्याजदर विकास बैंक तथा वित्त कम्पनीहरुको अन्तर बैंक ब्याजदर भन्दा माथि गएको छ । वित्तीय मापदण्डको रुपमा सीसीडी अनुपातको सीमा ८० प्रतिशत तोकिनुभन्दा पहिले अल्पकालीन र दीर्घकालीन ब्याजदर बीचको फरक धेरै ठूलो हुँदैन्थ्यो । ब्याजदरमा चाप परेको समय ९१ दिने र ३६४ दिने ट्रेजरी बिलको ब्याजदर १० देखि १२ प्रतिशत पुगेको थियो । सरकारी ऋणपत्रहरुको आपूर्ति र तरलता व्यवस्थापनका उपायहरुले पनि अल्पकालीन ब्याजदरलाई प्रभाव पार्ने गर्छ । सीसीडी अनुपात लागू नभएको भए संभवतः ट्रेजरी बिल दर अहिलेको भन्दा उच्च हुन्थ्यो र फलस्वरुप राष्ट्र ऋण लागत बढ्थ्यो ।

**वित्तीय पहुँच विस्तार**

नेपालमा वित्तीय पहुँच विस्तारमा केही प्रगति त भएको छ, तर यथेष्ट छैन । विश्व बैंकले सन् २०११ देखि विकास गर्न थालेको ग्लोवल फाइनान्सिअल इनकुलजन ९फिन्डेक्स० तथ्याङ्क अनुसार बैंक खाता भएका वयस्क जनसंख्या अनुपात २५ । ३ प्रतिशतबाट सन् २०१७ मा ४५ । ० प्रतिशत पुगेको छ । विश्वको औसत अनुपात ५१ प्रतिशतबाट ६९ प्रतिशत पुगेको छ । भारत र चीनको ८० प्रतिशत छ भने श्रीलंकाको ७३ प्रतिशत छ । वेलायतको ९६ प्रतिशत छ भने अमेरिकाको ९३ प्रतिशत छ । नेपालको बहुसंख्यक जनता वित्तीय क्षेत्रसँग जोडिन नसकेको यस तथ्याङ्कले प्रष्ट नै देखाउँछ । वित्तीय क्षेत्रको आकार अर्थतन्त्रको आकारभन्दा ठूलो हुनु तर आधा जनसंख्या पनि वित्तीय क्षेत्रसँग नजोडिनु विसंगतिपूर्ण नै मान्नु पर्छ । २०७५ मंसिरको तथ्याङ्कलाई आधार मान्दा नेपालमा ऋण खाता संख्या १३ लाख ३३ हजार मात्र छ । यसमध्ये वाणिज्य बैंकहरुमा रहेको ऋण खाता संख्या ९ लाख ८४ हजार, विकास बैंकसँग रहेको ३ लाख १० हजार र वित्त कम्पनीहरुसँगको ३९ हजार मात्र देखिन्छ । एक व्यक्तिको बहु ऋण खाता पनि हुन सक्छ । यो समेतलाई विचार गर्दा अत्यन्त थोरै व्यक्तिले मात्र बैंक तथा वित्तीय संस्थाहरुबाट ऋण लिएको देखिन्छ । ऋण खाता तथ्याङ्कले पनि नेपाली जनता वित्तीय क्षेत्रसँग पूर्णरुपमा जोडिन पुगेको देखाउँदैन । यी दुवै उदाहरणले नेपालमा वित्तीय पहुँचमा थप विस्तार ल्याउनु चुनौतिपूर्ण कार्य रहेको देखाउँछ ।

**पुँजी बजार**

पूँजी बजारको एकांकी विस्तार भएको छ, तर विविधीकरण हुन सकिराखेको छैन । बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणको लागि शेयर निष्काशन गर्नुपर्ने नियामकीय प्रावधानका कारण शेयर बजारको केही विकास भएको छ । तर पूँजी बजारको संस्था र उपकरणको हिसावले विकास हुन सकिराखेको छैन । बैंक तथा वित्तीय संस्थाहरुको छाता ऐन वाफिया आइसकेपछि कृषि विकास बैंक वाणिज्य बैंकमा रुपान्तरण भइसकेको छ । त्यस्तैगरी नेपाल औद्योगिक विकास निगम एनआइडिसी हालसालै राष्ट्रिय वाणिज्य बैंकमा विलय भइसकेको छ । चुलिँदो ब्यापार घाटा रहेको विद्यमान अवस्थामा अन्य देशमा जस्तो निर्यात-आयात बैंकको स्थापना नेपालमा भएको छैन । पूर्वाधारमा पूँजी निर्माणको खाँचो छ, तर पूर्वाधार विकास बैंक हालसम्म स्थापित हुन सकिराखेको छैन । त्यस्तैगरी सम्झौतीकृत वित्तीय साधन परिचालनमा तीव्रता र स्थानीय सरकारहरु अस्तित्वमा आइसकेको अवस्थामा पनि ऋणपत्र बजार विकासको सुरसार देखिदैन ।

**मिसिङ मिडिल वित्त**

नेपालमा तीन किसिमका बैंकिङ विजनेश मोडेलहरु छन् । पहिलो, वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीहरुले अवलम्बन गरेको धितोमा आधारित बैंकिङ विजनेश मोडेल । धितो भए कर्जा पाइन्छ, नत्र भने पाइँदैन । त्यो पनि शहरी क्षेत्रमा, ग्रामीण क्षेत्रमा होइन । यी वित्तीय संस्थाहरु ठूलो आकारको ऋण दिन तयार हुन्छन् तर सानो ऋण दिन तयार हुँदैन । दोस्रो लघु वित्त वित्तीय संस्थाहरुले अख्तियार गरेको समूह जमानीमा आधारित बैंकिङ विजनेश मोडेल । यी संस्थाहरुले औसतमा १२२ लाख रुपैयाँभन्दा माथिको ऋण दिँदैनन् । तेस्रो बचत तथा ऋण सहकारी संस्थाहरुले संचालनमा ल्याएको सदस्यतामा आधारित बैंकिङ विजनेश मोडल । नेपालको संविधान २०७२ ले अवलम्बन गरेको तीन खम्बे अर्थनीति अनुसार सहकारी संस्थाहरुले महत्व पाइरहेका छन् । धेरैजसो बचत तथा ऋण सहकारी संस्था शहरी क्षेत्रमा फष्टाइरहेका पनि छन् । यी तीनै प्रकृतिका बैंकिङ विजनेश मोडेलमा ठूलो र लघु आकारको ऋण पाइन्छ । सानो तथा मध्यम आकारको ऋण अक्सर पाइदैन । १० लाखदेखि १ करोड २ करोड सम्मको ऋण पाउन हम्मेहम्मे पर्छ ।

**अनौपचारिक वित्तीय कारोबार**

नेपालमा वित्तीय कारोबार औपचारिक र अनौपचारिक दुवै रुपमा हुँदै आएको छ । ठूला तथा साना बजार केन्द्रहरुमा ढुकुटी कारोबार हुँदै आएको छ । उद्यमी-व्यवसायीले अनौपचारिक रुपले ऋण लिने र दिने गरिरहेका छन् । बैंकहरुबाट ऋण नपाइने र पाइने भएतापनि प्रक्रिया झन्झटिलो हुने भएकाले केही उद्यमी व्यवसायीहरुले अनौपचारिक वित्तमा भर पर्नुपर्ने अवस्था छ । बैंक तथा वित्तीय संस्थाहरुले निक्षेपमा अत्यन्तै थोरै व्याज प्रदान गर्ने भएकाले पनि बचतकर्ता अनौपचारिक क्षेत्रमा ऋण प्रदान गरिरहेका छन् । विदेशबाट प्राप्त हुने रेमिट्यान्सले पनि अनौपचारिक वित्तलाई मलजल गरिरहेको छ । बैंकिङ तथा अनौपचारिक माध्यम दुवैबाट आउने रेमिट्यान्सको केही न केही हिस्सा अनौपचारिक वित्तमा गएको छ । उदाहरणको लागि भारतबाट वार्षिक १०१ अर्ब रेमिट्यान्स नेपाल भित्रिने अनुमान छ । यसमध्ये करिव ४५ अर्ब अनौपचारिक ढंगले नेपाल भित्रिने गरेको देखिन्छ । यसले पनि नेपालमा अनौपचारिक वित्तको आकार प्रष्ट गर्दछ ।

**आगामी बाटो**

दिशा निर्देश गर्ने र वित्तीय क्षेत्रलाई गतिशील बनाउने उपायहरुको खोजी नै वित्तीय क्षेत्र विकासको आगामी बाटो हुनुपर्दछ । त्यसका लागि वित्तीय सेवा केन्द्रीकृत होइन, विकेन्द्रीकरण गर्न सम्भव भएसम्म प्रदेशलाई मात्र होइन ७५३ स्थानीय तहलाई आधार मानी साना विकास बैंक स्थापना गर्ने नीति लिनु पर्छ । अनि बल्ल स्थानीय तहमा उद्यमशीलताको विकास गर्न सकिन्छ, चुलिँदो व्यापार घाटा न्यूनीकरण गर्न सकिन्छ र मिसिंग मिडिलको वित्तीय समस्या समाधान गर्न सकिन्छ । राज्यको संरचनामा परिवर्तन आइसक्यो । अव हामीले वित्तीय संरचनामा परिवर्तन ल्याउने आँट गर्नुपर्छ । भारतले पनि "साना वित्त" मोडेल अवलम्बन गरेको छ ।

**बजारलाई काम गर्न दिनुपर्छ**

विगत दुई वर्षयता नेपालमा माग अनुसार पूँजीको आपूर्ति हुन सकिराखेको छैन । चर्चामा रहेको "क्रेडिट क्रन्च" र दीर्घकालीन प्रकृतिको ब्याजदरमा देखिएको दवाव दुवै पूँजी अभावका लक्षण हुन । समस्या पूँजीको हो र वित्तीय साधन बाँडफाँड प्रक्रियाको हो । माग अनुसार पूँजीको आपूर्ति आन्तरिक स्तरबाट र बाह्य क्षेत्रबाट गर्ने उपायहरु अवलम्बन गर्न सकिन्छ । पूँजीको आपूर्ति बढाउने उपायहरुको अवलम्बन पनि भईराखेको छ । स्थानीय तहहरुको खातामा रहेको रकममध्ये ५० प्रतिशत सम्बन्धित वाणिज्य बैंकहरुको शाखामा विना ब्याज निक्षेपको रुपमा राख्न दिने व्यवस्था भएको छ । सरकारी निकाय र सरकारी संस्थाहरुको राष्ट्र बैंकमा रहेका खाताहरु वाणिज्य बैंकहरुमा सार्ने प्रयास भइरहेको छ । त्यस्तैगरी बैंक तथा वित्तीय संस्थाहरुलाई आफ्नो प्राथमिक पूँजीको ५० प्रतिशतसम्म विदेशबाट ऋण लिन पाउने ढोका पनि खुला गरिएको छ । प्रत्यक्ष वैदेशिक लगानी भित्र्याउने प्रक्रिया सरलीकृत गर्नुपर्ने आवश्यकता सवैले महसुस गरेकै छन् ।

पूँजीको आपूर्तिमा विस्तार ल्याउने अर्को उपाय ब्याजदर हुन सक्छ । मुलुकभर छरिरहेको वित्तीय साधन परिचालन गर्ने एक उपाय आकर्षक ब्याजदर हो । उपयुक्त स्तरको ब्याजदर नपाएर केही बचतकर्ताले अनौपचारिक क्षेत्रमा लगानी गरिहेका छन्, ढुकुटी कारोबार गरिहेका छन् ।

**ऋणपत्र बजारको विकास**

नेपालमा ऋणपत्र बजारको विकास नै भएको छैन भन्दा पनि हुन्छ । सरकारले विकास ऋणपत्र र सानो परिमाणमा केही वाणिज्य बैंकहरुले डिवेन्चर जारी गरेका छन् । ऋणपत्र निष्काशनले मुलुकमा पूँजी निर्माणमा सहयोग पुर्याउँछ । फेरिएको राज्य संरचना अनुसार ७५३ स्थानीय सरकारहरुको निर्माण भइसकेको छ । ७५३ मध्ये केही स्थानीय तह, खासगरी महानगरपालिका र उप-महानगरपालिकाहरुलाई पूँजी निर्माणको लागि मुनसिपल वण्डस जारी गर्ने वातावरण निर्माणमा लाग्नु पर्छ । यसो भएमा मुद्रा बजारमा हाल देखिएको समस्या केही हदसम्म हल हुन्छ ।

**स्थानीय तहको वित्तीय साधन**

सवैभन्दा सस्तो ऋण बैंकहरुबाट पाइन्छ । बैंकहरुका प्राइम कष्टमहरुले हाल १०-१२ प्रतिशत ब्याजदरमा कर्जा पाइरहेका छन् भने सहकारीका ऋणीहरुले करिव १७ प्रतिशतको ब्याजदरमा कर्जा पाइरहेका छन् । लघुवित्तका ऋणीहरुले तिर्नुपर्ने ब्याजदर १८ प्रतिशतभन्दा माथि नै छ । वाणिज्य बैंकहरुको लगानीयोग्य साधन बढाउन र उनीहरुले ऋणीहरुबाट असुल्ने ब्याजदर घटाउन मद्दत पुर्याउन स्थानीय तहका सरकारहरुको कोषमा रहेको रकमको ५० प्रतिशत सम्बन्धित वाणिज्य बैंकहरुको शाखामा रहने व्यवस्था हालसालै भएको छ । यो व्यवस्था अनुसार करिव ५० अर्ब रकम विना ब्याज वाणिज्य बैंकहरुले पाएका छन् । वाणिज्य बैंकहरुको केन्द्रीय कार्यालय काठमाडौं रहेको सन्दर्भमा वित्तीय साधनलाई विकेन्द्रीकरण गर्ने हो भने स्थानीय तहका सरकारको केही रकम वाणिज्य बैंकहरुलाई जस्तै लघुवित्त वित्तीय संस्था र सहकारी संस्थाहरुमा जम्मा गर्ने व्यवस्था न्यायोचित हुने देखिन्छ । यसो गर्दा सामानीकरण अनुदानबाट प्राप्त भएको रकम वाणिज्य बैंकहरुको पहुँच बाहिरका क्षेत्र र ऋणीले सहकारी संस्था र लघु वित्त वित्तीय संस्थाहरुबाट पाउने हुन्छ ।

संविधानले व्यवस्था गरेको समाजबाद उन्मुख समाज निर्माणमा यसले केही हदसम्म मद्दत पुर्याउने हुन्छ । भारतले नावार्ड ९नेशनल बैंक फर एग्रिकल्चर एण्ड रुलर डेभलपमेन्ट० मा वाणिज्य बैंक तथा स्थानीय निकायसँग रहेको अधिक मौज्दात रकम राख्ने व्यवस्था गरेको छ । यो बैंकले कृषि तथा ग्रामीण क्षेत्रको विकासको लागि यसरी प्राप्त रकम, स्थानीय निकाय, कृषक र स्थानीय उद्यमीलाई ऋण दिने व्यवस्था गर्दै आएको छ । यस प्रकार भारतले शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रको विकासको लागि वित्तीय साधन पठाउने सुप्रबन्ध गरेको छ । भारतका राम्रा अभ्यासको अनुशरण हामी गर्न सक्छौं । अब यस्ता यावत कदमहरु चालेर आगामी दिनमा पनि वित्तीय क्षेत्रलाई गतिशील बनाउनतिर लाग्नु पर्छ ।

*(राष्ट्र बैंकका कार्यकारी निर्देशक थापाको यो लेख राष्ट्रिय बाणिज्य बैंकले प्रकाशित गरेको उपहारबाट साभार गरिएको हो । )*

**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**

**उत्तर-दक्षिण (कालिगण्डकी करिडोर) सडक योजना पाल्पाको अनुरोध**

सडक हामी सबैको साझा सम्पत्ति हो । यसको संरक्षण गर्नु हाम्रो दायित्व हो । सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ । त्यसैले उत्तर-दक्षिण (कालिगण्डकी करिडोर) सडक योजना पाल्पाअन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं ।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं ।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं ।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं ।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं ।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं ।

**योजना प्रमुख**

# मन हराएको बेला !-१

साहित्य संसार

माधव काफ्ले

भो १ नमाग मसँग अस्तित्वका सुरक्षा कवचहरू । अन्योलको उखर्माउलो गर्मीले पिल्सिएको छ मेरो मन । भौतिकवाद, उदारवाद, बजारवाद र निजीकरणको आँधीले उडाएको छ मेरो अस्तित्व । अराजकताको उद्दण्डताले लुटेको छ मेरो अस्मिता । गन्तव्यको खोजीमा उठेका मेरा पाइतालाहरू कर्तव्यको खग्रासले गन्तव्यहीन भएका छन् यतिबेर । सगरमाथा छिचोल्ने मेरा आँट, चन्द्रमा छुने मेरा उत्साहहरू, बुद्ध बन्ने मेरो आदश, ईमान्दार बन्ने मेरो अठोट वैचारिक दरिद्रतामा निर्लिप्त मान्छेको पुरुषार्थसँग सिंगौरी खेल्दै आत्मसम्मानको कुरुक्षेत्र पार गर्न यतिखेर मनमनै महाभारत मच्चाइरहेका छन् ।

आदर्शको अनुशरण गर्न खोज्ने एकलव्यहरू या त झुण्डिन बाध्य हुँदा रहेछन् या त औंला काटेर गुरुदक्षिणा दिन विवश छन् । नारीको सौन्दर्य र कौमार्यमाथि खेलवाड गर्ने कृष्णहरू आज पनि उद्दण्डताको पराकाष्ठामा पुगेर अस्मिताको ताण्डव नृत्य मच्चाइरहेका छन् तापनि हामीहरू धर्मका नाउँमा, परम्पराका नाउँमा, रीतिस्थितिका नाउँमा आँखा चिम्लेर सहिरहेका छौं- उनीहरूका कुकृत्य र ज्यादतीहरू । अनि सहनु हाम्रा नियति पनि भैसकेको छ । संवैधानिक खोष्टाको चौघेरा भित्र कज्याईएको छ हामीलाई । हाम्रो शिष्टता र लाचारीको फाइदा उठाएर शकुनि र शिशुपालहरू संविधानमाथि चढेर हामीमाथि एकछत्र बर्बरपूर्ण निरकुंश शासन चलाइरहेका छन् । कानुनले दाँत र नङ्गा फुकालेर हामीलाई पिन्जरामा हालिसकेको छ । राज्य संयन्त्रद्वारा चलाइएका हतकन्डा र बर्बरताको पीडा झेल्न नसकेर नै महाकवि देवकोटाले भनेका रहेछन्-

"promethen pain bear<br>
with tear and tear<br>
yet s song of joy must I raise<br>
My God to praise"

स्वाभिमानलाई सुकेनास लागेको छ यतिखेर । नैतिकताको डाक बढाबढ र लिलाम संसदबाटै गरिंदै छ, इमान्दारी असल जागिरको खोजीमा विदेसिन लागिरहेको छ । नागरिकताको खोस्टो भित्र कोचिएको छ अस्मिता, चियर्सका चुस्कीहरूमा झुन्डिरहेको छ प्रतिष्ठा, भौतिक सम्पन्नताको कसाईखानामा कज्याइएको छ कर्तव्य । यहाँ त निष्ठावान मान्छेले पनि व्यावहारिकताको नाउँमा शिर झुकाएर कुसंस्कार सेचन गर्नुपरिरहेको छ, सद्दे भएर पनि नयाँ नीतिअनुसार खोरन्डो हुन परिरहेको छ, सिद्धान्त सँगाली राख्नेहरूले विगतलाई सम्झेर वर्तमानमा रुनु परिरहेको छ ।

भनिन्छ, कवि कल्पनामा उड्छन् भनेर । कल्पनामा उड्नु बाहेकको विकल्प हामीसँग सुरक्षित नै पो के छ र ? हामीसँग सीप त छ तर कज्याउने अर्कै छस हामीसँग क्षमता छ तर हाँक्ने अर्कै छस हामीसँग पसिना चुहाउने सामर्थ्य छ तर खाने अर्कै छ, हामीसँग वस्तु छ तर बजारभाउ र मूल्य अर्कैको हातमा छ, हामीसँग समाज छ, संस्कार छ तर हैकम अर्कैको छस हामीसँग नीति छ, नियम छ तर बनाउने र पाखालगाउने पनि अर्कै छस हामीसँग संविधान छ तर त्यसलाई सोइसोला खेलाउने अर्कै छ, हामीसँग सम्पत्ति छ तर उपयोग गर्ने अर्कै छ, हामीसँग राष्ट्रियता छ तर बोक्ने र हल्लाउने चाहिं अर्कै छस हामीसँग राष्ट्र छ तर हाँक्ने पनि अर्कै छ । हुकुमी शासनको सिंहाशनमा आरूढ भएका जे-जति आकृतिहरू छन् ती सबै औंलाको थिचाइमा चल्ने रिमोट मात्र हुन पुगेका छन् । यदि त्यस्तो नभएको भए भारतले सुसेल्दा टक्क अडिने अनि अमेरिकाले कर्के हेर्नासाथ सातोपुत्लो उड्ने मानसिकता देशोद्धारकहरूले कहिल्यै पनि बोकेर हिड्ने थिएनन् । परावलम्वित बेसाहा खेपेर हामी जे जति पुरुषार्थ गरिरहेका छौं ती सबै परचक्री स्वामी रिझाउन मात्र गरिरहेका छौं र त हामी नग्न छौं, निरीह छौं र निसहाय हुदैं गइहेका छौं । यतिखेर हामीसँग जे छ कल्पना मात्र बाँकी छ । वाक स्वतन्त्रता बहाल भएको कानुनी यस देशमा मनमा लागेको कुरा बोल्न पाइन्न ।

बोल्यो भने राष्ट्रले त केही गर्दैन तर राष्ट्रले जगाएका राँकेभूतहरूले सहन सक्तैनन् । प्रतिगामीको छेसाहा बात लगाउँदै एक्कैचोटि कञ्चटमा सङ्गीन तेर्स्याएर चिथोर्न थाल्छन् । त्यसैले मैले कल्पनामा नै अलौकिक परमानन्दको अनुभूति बटुल्ने गरेको छु । वास्तविक जीवनमा क्रुर र डरलाग्दा घटनाहरू-वस्तुहरू काव्यात्मक अनुकरणमा आनन्ददायी बन्छन् भन्ने एरिस्टोटललाई कसले सम्झाइदेयोस् मान्छे यति स्वार्थी, कृतघ्न र कपटी भइसके र जीवन सारै बोझिलो-बेकम्मा विशृङ्खल र विसङ्गतिपूर्ण पनि हुँदोरहेछ भन्ने कुरा १ दर्शन शास्त्रले वास्तविक जीवनलाई अझ रोचक र सारमय बनाउनु पर्नेमा झन बोझिलो र बेढङ्गको बनाउँदै लगिरहेको छ । फेडरिक नित्सेले अपोलोनिजम र डाइनासिजम भन्ने लेखमार्फत ईश्वरको मृत्युको घोषणा गरेर युरोपीय सोच, प्रगति र पुरुषार्थको मार्ग फराकिलो बनाउँदै संसारलाई सङ्कीर्ण सोचबाट मुक्ति दिलाउन उल्लेखनीय योगदान दिएता पनि छिमेकी मुलुकका महामहिमहरू अझै पनि धर्मको प्रेत जगाएर देशोद्धारमा लागिरहेका छन् । यस अर्थमा पनि आदर्शलाई अलग्याएर यथार्थमा हेर्ने हो भने काव्यशक्तिले ढुङ्गा झैं कठोर हृदय पनि नपगाली छोड्दैन भन्ने सर फिलिप सिड्नीको कथन भन्दा मलाई भर्जिलको टर्नको स्वभाषण धेरै मात्रामा व्यवहारोपयोगी लाग्छ किनभने, कल्पनादेखि बाहेक अलिकति पनि व्यावहारिकतामा उत्रने हो भने हामीहरूलाई हरेक क्षेत्रमा यसकारण असफलताले घेरिहाल्छ कि हाम्रो योग्यता र प्रतिभाको नापो अथवा कसी लगाउने ठाउँमा मध्ययुगीन दास मनोवृत्ति बोकेका ठालुहरूको हालीमुहाली र छत्रछायाँमा हामीले आफ्नो पुरुषार्थको पाइन नाप्नुपरिरहेको छ ।

व्यवहारको जुवामा जोतिनु परेपछि कर्तव्यको पथमा पाइताला खियाउनु परेपछि दायित्वको गलगाँड घाँटीमा झुण्ड्याएर हिंड्नु परेपछि हाम्रो सिर्जना शक्तिको चमत्कार र हाम्रो कौतुहलपूर्ण परिश्रमको फल पिलपिले बत्तीमुनिको अन्धकार जस्तै मलिन हुन पुग्दोरहेछ, हाम्रो ज्ञानार्जनको धाक र धौंस पनि पानीको फोका जस्तै उन्मादको तुजुक र तेज रहुन्जेल उठ्दोरहेछ, संवेदनाको कुरो उठ्नासाथ सहाराहीन हुँदै फुट्दोरहेछ । अनि सफतलाको बिल्ला भिर्ने निशाचरहरूले सिर्जनाका संवाहकहरूलाई सदैव लुते कुकुरलाई खोइरो खनेर लखेटे झैं लखेटिरहँदा रहेछन्, लत्याइरहँदा रहेछन्, ङ्याकिरहन चाहँदा रहेछन् । आफ्नो बुताले भ्याएसम्म थिचिरहन खोज्दारहेछन् । सदैव हामी विवश र लाचार भएर नैतिकताको नाउँमा सहिरहेका छौं, अनेकौं उत्पीडनहरू काट्दै आएका छौं, असङ्ख्य कहरहरू भोग्दै आएका छौं, अनगन्ती कुसंस्कारका घिनलाग्दा आक्षेपहरू ।

विश्वका समुन्नत र शक्ति सम्पन्न राष्ट्रहरू अकालमृत्यु वरण गर्न विवश भएका हजारौं लाशहरुको साछी बसेर सनाखत गर्दै त्रासदीपूर्ण इतिहास कोरलिरहेका छन् । मानवकल्याणकारी र जीवनोपयोगी जीवित समस्या समाधानहरूबाट तर्सेर उपदेशबाजी गर्दै समुन्नत बनाउन खोजिएको मानवाधिकार र प्रजातन्त्रको मखुण्डोभित्र बर्बरताका अर्बुदऔंसाहरू उमारेर आदर्श बाँडिंदै छ, भयावह कालरात्री रोपेर उज्यालाको गीत गाइँदै छ, ज्यादती, जोरजुलुम र नरभक्षी निरङ्कुशता लादिँदै स्वतन्त्रताको सुकिलो महिमा गान गरिंदै छ एकातिर भने देश बहुदलीयताको चिहानमाथि सक्रीय राजतन्त्रको बटवृक्ष उमार्न उद्यत देखिनुले पनि देशप्रेमको होलसेल प्रवचनमा राष्ट्रवादी चरित्र खोजिदैं छ । यस अर्थमा शक्तिसम्पन्न व्यक्तिले जे जसो गर्दा पनि वैधानिक छुट पाउने प्रावधानले नै त होला मार्कोस, मुसर्रफ, हिटलर, हमिदकार्जाई, नोरिएगा, मोहमद यर्साद प्रवृत्तिहरू आज पनि निर्वाचनको वैधताको खाललाई चिथोरेर च्यातेर प्रतिगमनको पूर्वाधारमा लीन हुँदै गएको । मानवाधिकारका झुपडीभित्र अझै पनि कति स्पार्टाकासहरू झुन्डिरहेका छन् । स्वतन्त्रताको पर्खालमाथि अझै पनि कति प्रमिथसहरू मुटु थर्काउने गरी अथाह पीडाको चित्कार निकालिरहेका छन् । अझै पनि कति भीमसेन थापाहरूको तेजोबध गरिंदै छ । सहरमा मात्रै किन आँखा गाड्नुहुन्छ ? गाउँमा हेर्नोस्, बस्तीमा हेर्नोस्, टोलमा हेर्नोस् समानता, स्वतन्त्रता र भातृत्वको अलख जगाउने प्रजातन्त्रको पुनरुदयपछि पनि यहाँ प्रत्येक स्वाभिमानी आफ्नो स्वाभिमान संरक्षणार्थ सन्निपातको रोगीले झैं आन्तरिक वेदनाको राग काडेर चिच्याइरहेको छ,या त बहिर्गमनकोलागि बहादुर बलभद्र झैं विदेशिन विवश बनिरहेको छ । निरङ्कुशताले भन्दा पनि स्वतन्त्रताको नङ्गाले चिथरेको ज्यादा पोल्दोरहेछ । त्यसैले अचेल प्रत्येक इमान्दार मानिस पोलियोग्रस्त शिशु झैं छट्पटिरहेको छ । सत्तापरिवर्तनको घिनलाग्दो प्रवृत्तिमा मुछिएर देशभक्त सपूत पनि 'गोपीकृष्ण कहो' को रट लगाइरहेको सुन्न पाइन्छ अचेल । यहाँ भन्दा सार्थक विडम्बना अरु के हुन सक्छ र ? सुखद् भविष्यको कल्पनामा कावा खानु ?

मधेसको उखर्मालो गर्मीमा पिल्सँदै र लामखुट्टेको टोकाइबाट अत्तासिदैं सहर पसेका ज्ञान गुण सम्पन्न उपबुज्रुकहरू अतिथि बनेर पाँचतारे होटलको वातानुकुलित कोठामा पस्नेबित्तिकै परिस्थिति जतिसुकै जटिल र भयावह नै किन नहोस् मलेरिया महामारीको सिउरमा कुल्चेर मलेरिया उन्मूलनको घोषणा-पत्रमा ल्याप्चे ठोक्न पुग्छन् । प्रगतिको अभियानमा सुविधाका सुन्दर आदर्श मान्छेको चाउरिएको चित्तको एउटा अँध्यारो कुनामा बसिदिनु मात्र पर्दोरहेछ मान्छे जेबाट, जे पनि बन्न तयार हुँदोरहेछ ।

क्रमशः .....

## प्रकृतिसँग किन एकाकार हुने ?

हामी आधुनिक जीवनशैलीमा निर्लिप्त हुँदैछौं । हामी भौतिक सुख(सयलमा चर्लम्म डुबेका छौं । हामी चाहन्छौं, हरक्षण ऐश(आरमपूर्ण जीवन व्यतित गर्न पाइयोस् । आधुनिकताको नाममा हामी यसरी सुविधाभोगी बन्दैछौ कि, हामीलाई आफ्नै इन्द्रियहरुको प्रयोग गर्न पनि जाँगर चल्न छाडिसकेको छ । सामान्य हिसाब(किताब निकाल्न हामी मस्तिष्क चलाउँदैनौ, क्याल्कुलेटर दबाउन थाल्छौंतयस् ।

### किन मन बेचैन ?

सुख(सुविधाको यो आशक्तिले हामी आफ्नै शरीरको महत्व र मूल्य पनि बिर्सिरहेका छौं । हाम्रो शरीर कति अनमोल छ, कति रहस्यमयी छ, कति शक्तिशाली छ भन्ने कुरा भुलिसकेका छौं । किनभने हामी आफुभित्र खोज्नुपर्ने कुरा भौतिक दुनियामा खोजिरहेका छौं । त्यसैले त हामीले आज भौतिक सुविधा पाएका छौं, तर त्यसबाट सुखानुभूत गर्न सकिरहेका छैनौं । हामी ऐश(आरम त खोजिरहेका छौं, तर मन बेचैन छ ।

बस्नका लागि हामीलाई आरमदायक ठाउँ चाहिन्छ । त्यो पनि वताअनुकुलित । कोठा(कोठालाई कृतिम रुपले वताअनुकलित बनाएका छौं । खानका लागि हामीलाई थरीथरीका व्यञ्जन चाहिन्छ । त्यो पनि बेमैसमी । गाँस(गाँसमा तारेको, भुटेको, तयारी अवस्थाको खानेकुरा खाइरहेका छौं । यसको सोझो अर्थ के हो भने, हामी प्राकृतिक जीवनशैलीबाट विमुख हुँदैछौं । प्रकृतिबाट टाढा हुँदैछौं । यसको साइड इफेक्ट त हाम्रो शरीर, समाज सबैतिर परिसकेको छ । अप्राकृतिक जीवनशैलीका कारण आज हामी शरीरलाई अनेकन रोगको भण्डार बनाइरहेका छौं । हामी दिनदिनै रोगी, जिर्ण हुँदैछौं ।

### प्रकृतिबाट विमुख भएर रोगको दलदलमा

अहिले अस्पतालमा रोगीको संख्या बढेको बढ्यै छन् । यसरी रोग बोकेर अस्पताल पुग्नेहरुमा धेरैजसो खराब जीवनशैलीका शिकार भएका छन् । कसैलाई मधुमेह छ, कसैलाई उच्च रक्तचाप । कसैलाई थाइराड त कसैलाई उच्च कोलोस्टोर । कसैलाई डिप्रेसन छ, कसैलाई अनेक किसिमको मानसिक रोग । क्यान्सर जस्ता घातक रोग पनि अहिले खराब जीवनशैलीकै कारण बढिरहेको छ । हामीलाई त लाग्छ, प्रकृतिलाई जितेर समुन्नत जीवन प्राप्त हुन्छ । तर, प्रकृतिलाई जितेर होइन, प्रकृतिसँग एकाकार भएर हामीले शान्त, सुखी, निरोगी, उन्नत जीवन प्राप्त गर्ने हो । किनभने सुख, स्वस्थ्य, खुसी, शान्ति सबै कुराको भण्डार भनेको प्रकृति नै हो । हाम्रो खुसीको स्रोत हो, प्रकृति । हाम्रो सुखको स्रोत हो, प्रकृति । हाम्रो जीवनको स्रोत हो, प्रकृति । दुःखलाग्दो चाहि के भने, आज त्यही प्रकृतिबाट विमुख भएर हामी सुख र खुसी खोजिरहेका छौं । त्यही कारण त यी तत्व हाम्रो लागि मृगतृष्णा बनिरहेको छ ।

### खुसी र सुखको सर्वोत्तम स्रोत

जीवनबाट वास्तवमै आनन्द लिने हो । जीवनको मूल्य र महत्वलाई बुझ्ने हो । जीवनको खुसी र सुख अनुभूत गर्ने हो भने प्रकृति नै हाम्रो लागि सर्वोत्तम स्रोत हुनेछ । हामी जति जति प्रकृतिसँग लय मिलाउने छौं, जीवन उत्तिनै सुखी र खुसीपूर्वक वित्नेछ । अब प्रश्न उठ्छ, प्रकृतिसँग कसरी एकाकार हुने ? कसरी लय मिलाउने ? आजको भौतिक युगमा हामी पूर्णत प्रकृतिसँग एकाकार हुन संभव नहोला । यद्यपी जीवनलाई प्रकृतिमैत्री बनाउन सकिन्छ । र, अहिलेको अवस्थामा यति नै काफी पनि छ ।

जस्तो खानपानकै कुरा गरौं । प्रकृतिले अनेक कुरा दिएका छन्, जो शरीरका लागि अति आवश्यक र महत्वपूर्ण छ । प्रकृतिले हामीलाई अनेक स्वादका अन्न, सागपात, फलफूल दिएका छन् । ति खानेकुरा हाम्रो शरीरको आवश्यक्ता हो । हाम्रो शरीरको माग हो । जैविक विधी एवं प्राकृतिक रुपमा उत्पादित यी खानेकुराले शरीरलाई उर्जावान राख्छ । निरोगी राख्छ । जब हामी निरोगी हुन्छौं, तन्दुरुस्त हुन्छौं, हामी खुसी र सुखी पनि हुन्छौं । प्रकृतिले हरेक मौसम र भूगोल अनुसार खानेकुरा उत्पादन गर्छ । यसरी मौसमी चक्र अनुसार उत्पादित खानेकुरा नै हाम्रो लागि सर्वोत्तम भोजन हो । अर्थात मौसमी खानेकुरा नै बढी उपयुक्त हुन्छ । अहिले वेमौसमी खेतीबाली लगाउने प्रचलन छ । वेमौसमी खेतीबालीबाट उत्पादित बस्तु स्वास्थ्यमैत्री हुँदैन ।

अक्सर प्रकृतिले दिएका खानेकुरा काँचो वा उसिनेर खान सकिन्छ । संभव भएसम्म ति खानेकुराहरु काँचो वा उसिनेर खानु उपयुक्त हुन्छ । स्वादको चक्करमा फसेर अनेक किसिमको अखाद्य तत्व मिश्रण गर्ने साथै त्यसलाई तारेर, भुटेर सेवन गर्ने कुरा राम्रो होइन । खानपानको कुरामा मात्र होइन, दिनचर्याको कुरामा पनि हामी प्राकृतिमैत्री बन्न सक्छौं । प्रकृतिले शरीरको सक्रियता र निस्क्रियताको लागि निश्चित समय दिएको छ । जब सूर्योदय हुन्छ, हाम्रो शरीर जागरुक हुनुपर्छ । सक्रिय हुनुपर्छ । चलयामान हुनुपर्छ । र, रातको समयमा शरीरलाई विश्रामको आवश्यक हुन्छ । उठ्ने, सुत्ने, बस्ने, खाने, हिँड्ने, कुद्ने सबै कुरा हाम्रो दिनचर्यामा नियमित हुनुपर्छ ।

### प्रकृतिमैत्री जीवन

अहिले हामी रातभर जाग्ने र बिहानभर सुत्ने गर्छौं । यो भनेको प्रकृतिमैत्री जीवन होइन । शरीर जागरुक र सक्रिय हुनुपर्छ । शरीर जति सक्रिय एवं चलयामान हुन्छ, उत्तिनै हामी निरोगी हुन्छौं । फूर्तिला हुन्छौं । तर, शरीरलाई विश्राम पनि चाहिन्छ । निश्चित अवधी हामीले विश्राम गर्नैपर्छ । शरीरले विश्रामको बेला पनि कतिपय काम गरिरहेको हुन्छ । विश्वमा लामो आयु बाँच्ने र लामो उमेरसम्म पनि निरोगी रहनेहरुमा जापानी पर्छन् । जापानको पनि कुनै विशेष भेगका मानिसहरु सय बर्षभन्दा बढी उमेरसम्म बाँच्छन् । र, त्यो उमेरसम्म पनि उनीहरु उत्तिकै जोशिला, जाँगरिला हुने गर्छन् । उनीहरु कसरी यत्तिका उमेरसम्म बाँचे, कसरी जाँगरिला भए, कसरी निरोगी भए ? यस सम्बन्धमा खोज अनुसन्धान भइरहेको छ, निरन्तर । र, ति अध्ययनहरुको निचोडले भन्छ, उनीहरु एकदमै सक्रिय जीवन विताउँछन् । धेरैजसो खेतीबालीको काम गर्छन् । प्राकृतिक जीवनशैलीमा आफुलाई अभ्यस्त गराउँछन् । उनीहरुको खानपान र जीवनशैली नियाल्दा थाहा हुन्छ, उनीहरु प्रकृतिमैत्री छन् । प्रकृतिसँग हामी जति लय मिलाउन सक्छौं, उत्तिनै खुसी पनि प्राप्त गर्न सक्छौं । प्रकृतिले हामीलाई स्वस्थ्य जीवन मात्र होइन, स्वस्थ्य खुसी पनि दिन्छ । प्राकृतिक एवं मौसमी खानेकुरा सेवन गर्ने, खेतीबालीमा सक्रिय हुने, बोट(बिरुवा रोप्ने एवं हुर्काउने, बगैंचामा समय विताउने जस्ता अनेक गतिविधिबाट पनि हामी प्रकृतिसँग नजिक हुन सकिन्छ ।

राष्ट्रिय अखण्डता सामाजिक मर्यादा भेदभावरहित सत्यतथ्य सूचनाको सम्प्रेषण, शान्ति प्रवर्द्धनमा अग्रसर हुनु हामी सबैको कर्तव्य हो ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

तपाईंले निम्न पोर्टल लगअन गर्नु भयो ?

www.setopati.com
www.samakalinsahitya.com
www.onlinekhabar.com
www.imagekhabar.com
www.ratopati.com
www.swasthyakhabar.com
www.businesspati.com
www.mahilakhabar.com
www.bizmandu.com
www.edukhabar.com
www.baahrakhari.com
www.harekpal.com

# बहस : वंशीय पहिचान र राज्यविहीनता

**बिन्दा पाण्डे**

नागरिकता सम्बन्धि विधेयक संसदको राज्यव्यवस्था समितिमा छलफलमा छ। यो हरेक नागरिकको स्वाभिमान र पहिचानसँग जोडिएको विधेयक हो। फरक-फरक अवस्थामा राज्यविहीन हुन पुगेका समुदायले भोग्न परेका समस्या र यसबाट स्वाभिमानमा लागेको चोटको बारेमा सम्बन्धित पक्षले समितिमै आएर आफ्ना अनुभुती सुनाएका छन्। अभियन्ताहरुले यसका विविध पक्षको बारेमा स्पष्ट पार्ने प्रयत्न गरिरहकै छन्। सबै कुरा सुनिबुझी सक्केो राजनीतिक नेतृत्व कोही पनि नेपाली नागरिकको सन्तान राज्यविहीन हुनुहुँदैन भन्ने बारेमा संसदमा होस् वा सडक र समाज, आफ्नो प्रतिवद्धता जाहेर गर्दै आएको छ। प्रतिवद्धता, अभियान, व्याख्या, सहानुभुती जे-जे गरे पनि चुरो कुरा बन्दै गरेको कानुनले नेपालीका सन्तानलाई राज्यविहीन नबनाइने सुनिश्चितता गर्छ वा गर्दैन ? मूल कुरा यही हो।

लामो लडाईं पछि आजको तहमा विकसित भएको लोकतन्त्रले हरेक नेपालीलाई आफ्नो सरोकारका विषयमा तथ्यमा उभिएर तर्कपूर्ण रुपमा प्रश्न उठाउन सक्ने क्षमता र आफ्ना कुरालाई उचो शिर गरेर राख्न सक्ने आत्मविश्वास र अवसर उपलबध गराएको छ□ऽस। जनताको तहबाट यो काम हुँदै आएको पनि छ र नेतृत्वले नागरिकको स्वाभिमानको सम्मान कसरी गर्छ९ ? ० भन्ने कुरालाई नजिकबाट नियालिरहेका पनि छन्। नागरिकताको दुई फरक विधा छ, वंशज र अंगिकृत। यहाँ चर्चा गर्न खोजिएको विषय नेपाली सन्तानको वंशीय पहिचानसँग सम्बन्धित छ।

संविधानले के भन्छ ?

संविधान सबैभन्दा महत्वपूर्ण र मूल कानून हो। यससँग बाझिएको हदसम्म कानुनी प्रावधान खारेज हुन्छ भन्ने बारेमा हामी सचेत छौं। वंश र वंशजको नागरिकताको बारेमा संविधानमा भएको व्यवस्थाको बारेमा पनि हामी जानकार छौं। जहाँ भनिएको छ, - महिलाको हक अन्तरगत संविधानको धारा ९३८-१० मा 'प्रत्येक महिलालाई लैंगिक भेदभाव बिना समान वंशीय हक हुने छ।' नागरिक-नागरिकबीचको समानताको बारेमा धारा १८ को ९१० मा 'सबै नागरिक कानूनको दृष्टिमा समान हुनेछन्। कसैलाई पनि कानूनको समान संरक्षणबाट वञ्चित गरिने छैन। ९२० सामान्य कानूनको प्रयोगमा उत्पत्ति, वैवाहिक अवस्था, लिंग वा यस्तै अन्य कुनै आधारमा भेदभाव गरिने छैन र ९३० राज्यले नागरिकहरूकाबीच उत्पत्ति, '।लिंग।। वा यस्तै अन्य कुनै आधारमा भेदभाव गर्ने छैन भनिएको छ।

त्यसैगरी गोपनीयता सम्बन्धि हक ९धारा २८० मा 'कुनै पनि व्यक्तिको जीउ, आवास, सम्पत्ती, लिखत, तथ्यांक, पत्राचार र चरित्र सम्बन्धी विषयको गोपनीयता कानून बमोजिम बाहेक अनतिक्रम्य हुनेछ' भनिएको छ। यस धाराको कार्यान्वयनका सम्बन्धि वैयक्तिक गोपनीयता सम्बन्धमा बनेको कानूनको दफा ३-३ ले पनि यस सम्बन्धि व्यवस्था गरिसकेको छ। यी सबैभन्दा माथि संविधानको प्रस्तावनामा नै लैंगिक विभेद अन्त गरी समतामूलक समाजको निर्माण गर्ने संकल्प गरिएको छ। नागरिकता सम्बन्धित धारा ९११-२-ख० ले गरेको व्यवस्था 'कुनै व्यक्तिको जन्म हुँदाका बखत निजको बाबु वा आमा नेपालको नागरिक रहेछ भने त्यस्तो व्यक्ति वंशजको आधारमा नागरिक हुनेछ। र, धारा ११ ९५० मा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भइ नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिलाई वंशजको आधारमा नेपालको नागरिकता प्रदान गरिनेछ। भन्दै गर्दा यसै उपधारामा 'तर बाबु विदेशी नागरिक भएको ठहरेमा त्यस्तो व्यक्तिको नागरिकता संघीय कानून बमोजिम अंगीकृत नागरिकतामा परिणत हुनेछगरस' भनिएको छ। जब कि आमा विदेशी भएको ठहरेमा त्यस्तो सन्तानको बारेमा संविधान मौन छ। यसरी धारा ११ ९५० मा गरिएको यो प्रतिबन्धात्मक व्यवस्था माथि उल्लेख गरिएका धाराहरुको विपरित मात्र होइन, सिंगो संविधानको प्रस्तावनामा उल्लेख गरिएको मर्म र भावनाको समेत विपरित छ। संविधानमा बाझिएका धाराको व्यवस्थापनको बारेमा संविधान संशोधनको समयमा फेरि छलफल गर्दै गरौंला। यहाँ संविधानले आमालाई स्पष्ट शब्दमा वंशजको रुपमा स्वीकार गर्दा पनि अपरिवर्तित परम्परागत मानसिकताका कारण नेपाली महिला र तिनका सन्तानले भोग्नु परेका १३ फरक किसिमको समस्याको बारेमा चर्चा गर्न खोजिएको छ। जुन निम्न अनुसार छन् -

वंशजको नातालाई विवाहसँग जोडिने गैर संवैधानिक प्रावधानका कारण उत्पन्न समस्या

- नागरिकता लिनु पहिला विदेशीसँग विवाह गरेकी छोरीलाई विवाहपछि नेपाली नागरिकता लिने कुरामा अड्चन दिने गरिएको छ। वंशजको नाता रगतसँग जोडिएको हुन्छ। वैवाहिक सम्बन्ध भावनात्मक पक्ष हो। तर, विवाहको आधारमा वंशजको नाता तोडिने कुरा फगत पितृसत्तात्मक मानसिकताको उपज हो, नागरिकतामा विभेद गरिएका नेपाली महिला सन्तान।
- नेपाली आमाले नेपालमा नै जन्माएका सन्तानको सहज रुपामा बाबुको पहिचान प्रस्तुत गर्न नसक्दा आमाले समाज र राज्यबाट अपमानपूर्ण व्यवहार खप्न र सन्तान राज्यविहीन हुन परेका अवस्थाहरु छन्।
- रोजगारीको शिलशिलामा बाहिरबाट गएका सुरक्षाकर्मी, कर्मचारी शिक्षक लगायतले कार्य क्षेत्रमा रहँदा स्थानीय महिलासँग विवाह गरेर बच्चा जन्माउँछन्। त्यसपछि बिना जानकारी अन्यत्र सरुवा हुने क्रममा सम्पर्कविहीन भइदिने अवस्थामा आमाले हुर्काइ बढाइ गरिएका सन्तानलाई आमाको पहिचानमा नागरिकता दिन इन्कार गरिएका कारण राज्यविहिन बनाइएका सन्तान।
- बाबु आमाबीचको असमझदारीका कारण छुट्टिएर बसेको अवस्थामा आमासँग बसेका सन्तानको नागरिक पहिचानको सन्दर्भमा पहिचान दिन नचाहने बाबुको कारण राज्यविहिन बनाइएका सन्तान।
- बाबु बेपत्ता भएको अवस्थामा आमाले हुर्काएको सन्तानको नागरिक पहिचान दिँदा सम्पत्तीमाथि दाबा हुनसक्छ भन्ने आंकलनका आधारमा बाबु पक्षका नातेदारले सिफारिस गर्न नमानेर राज्यविहीन हुन पुगेका सन्तान।
- फरक ठाउँबाट अध्ययन वा काम वा अन्य कारणले बाबुआमाको वतनभन्दा फरक तेस्रो स्थानमा वैवाहिक सम्बन्धवाट वच्चा जन्मिएपछि बाबुको मृत्यु वा बेपत्ता भएका कारण आमाले हुर्काएर बालिग भएपछि आमाको वतन भएको ठाउँले बाबुको पहिचान खोजेर राज्यविहीन बनाइएका सन्तान।
- द्वन्द्वकालमा भएको यौन हिंसा र बलात्कारका कारण आफ्नै ठाउँमा जन्मिएका वा सामाजिक कारणले आमालाई नै अन्यत्र कतै गएर जन्माएर हुर्काइएका कारण राज्यविहीन हुन पुगेका सन्तान।
- समाजको आधुनिकीकरण र विकासको क्रममा वैवाहिक सम्बन्ध बाहिर जन्मिएर बाबुले स्विकार नगरी आमाले हुर्काएका कारण राज्यविहीन हुन पुगेका सन्तान।
- बाबु विदेश गएको वा बेपत्ता भएको वा आपराधिक केसमा जेल सजाय पाइरहेका कारण आमाले हुर्काएका र बाबुको पहिचान दिन नसकेको वा नचाहेका कारण राज्यविहीन हुन पुगेका सन्तान।
- बलात्कारबाट रहन गएको गर्भबाट विभिन्न सुरक्षित आवास गृहमा जन्मिएर आमाले हुर्काएका र बाबुको पहिचान दिन नसकेको कारण राज्यविहीन हुन पुगेका सन्तान।
- संविधानले आमालाई समान वंश माने पनि बाबु विदेशी भएको कारण देखाउँदै विविध किसिमका अल्झन देखाएर नागरिकता दिन इन्कार गरिएकाले राज्यविहीन हुन पुगेको अवस्था।
- नेपाली महिलाले विदेशी नागरिकसँग नेपाल मै विवाह गरी यहीं जन्मिएर हुर्किएका सन्तानलाई विदेशी बाबु भएको कारण वंशीय पहिचानबाट बञ्चित गरिएका सन्तान।
- वैदेशिक रोजगारीको सिलसिलामा यौनजन्य हिंसाका कारण गर्भ वा वच्चासहित नेपाल फर्किएका नेपाली आमाका कारण राज्यविहीन हुन पुगेका सन्तान।
- विदेशीसँग विवाह भइ विविध कारणले श्रीमानको परिवारमा बस्न नसकी नेपाली नागरिक आमासँगै नेपाल आएर हुर्किएका कारण राज्यविहीन हुन पुगेका सन्तान।
- विदेशमा रहँदा विदेशी पुरुषसँग विवाह भई विदेशमा जन्मिएका तर नेपाली नागरिक आमासँग नेपाल आई हुर्किएका र नेपाली भएर बाँच्न चाहे पनि विदेशमा जन्मिएका विदेशी बाबु भएको कारण राज्यविहिन हुन पुगेका सन्तान।

संविधानमा उल्लेख गरिएको आमा वा बाबुलाई समान हैसियतको वंश मान्ने गरी उल्लेख गरिएको भाषा र भावना दुबैका आधारमा परम्परागत मानसिकतामा परिवर्तन गर्ने हो भने माथि उल्लेख गरिएका कुनै पनि किसिमको समस्या नेपाली आमाको हुर्काइमा रहेका सन्तान राज्यविहीन हुन नपर्ने हो। तर, वास्तविकता त्यस्तो हुन सकेको छैन।

त्यसैगरी, राज्यविहीनताको अवस्था थप दुई क्याटेगोरीमा

२०६३ सालमा जन्मका आधारमा नागरिकता लिने क्रममा आमा-बाबु र उमेर पुगेका दिदी-दाजुले नागरिकता पाएका छन्। तर त्यस समयमा नाबालिग रहेका तिनै आमा-बाबुका सन्तान वा दिदी-दाजुका भाइ-बहिनी अहिले उमेर पुगेर पनि आफ्ना अभिभावकाको सिफारिसमा नागरिक पहिचान प्राप्त गर्न नसकेर राज्यविहीन हुन पुगेको अवस्था छ। नेपालमा पुस्तौंदेखि बसोबास गर्दै आएपनि गरिबीका कारण कुनै जग्गा जमिन वा अचल सम्पत्तीमा स्वामित्व नभएका वा स्थायी वतनका प्रमाण पुर्याउन नसकेको श्रम गरी जीवन निर्वाह गर्दै आएका श्रमजिवी जनताका सिंगो परिवार नै नागरिक पहिचान विहीन अवस्थामा रहेका छन्। यसरी गरिबीका कारण राज्यविहीन हुनेमा बहुसंख्यक परिवार दलित समुदायबाट रहेका छन्। नयाँ संविधानले समावेशीता, सहभागिता र सामाजिक न्यायसहितको समतामूलक समाज निर्माणको भावनालाई आत्मसात गरे पनि अझै हजारौं नेपाली नागरिक पहिचानको अनिश्चिततामा बाँचिरहेका छन्। यसको कारण राज्य र राजनीतिक पार्टीका नीति नभएर होइन, आधिकारिक ठाउँमा रहेका राजनीतिक नेतृत्व र अधिकारीमा रहेको विभेदपूर्ण परम्परामा आधारित मानसिकता हो भन्ने कुरामा कुनै भ्रम छैन।

परिवर्तित समय, चेतना र सामाजिक न्यायको मागको सापेक्षतामा बनेको नयाँ संविधानको भाषा र भावनाको कार्यान्वयनका लागि मानसिकता र सोचमा पनि परिवर्तन आवश्यक छ भन्ने कुरा सबैले बुझ्न र आत्मसात गर्न जरुरी छ। एउटा नागरिक भोकै रहेसम्म सबै नेपालीले खान पाएका छन् भन्न सकिँदैन भने झैं एउटा व्यक्ति राज्यविहीनतामा तड्पदाँसम्म सबै नेपालीको स्वाभिमानी शीर उँचो भएको मान्न सकिँदैन। त्यसैले यही भावनाका साथ अब बन्ने कानूनले सबै नेपालीका सन्तानलाई राज्यविहीन हुनबाट निकास दिनसक्ने गरी संसदीय समिति, सिंगो संसद र राजनीतिक दलहरुको ध्यान पुग्ने कुरामा प्रभावित पक्षहरु अपेक्षारत छन्।

# महिलाहरुले राती मात्रै सम्भोग गर्न चाहनुको रहस्य

जब रात पर्न थाल्छ तब महिलाहरु पनि सेक्सका लागि रोमान्टिक मुड बनाउने गर्छन्। हालसम्म महिलाहरु लाजका कारण रातमा सेक्स गर्न रुचाउने गरेको कारण बताइदै आइएको थियो। तर, अनुसन्धानकर्ताले यसबारे अध्ययन गरेका छन्। अनुसन्धानकर्ताका अनुसार महिलाहरु आफ्नो बडी फिगरका कारण रातमा सेक्स गर्न रुचाउने गर्छन्झ। बडी लुकका अनुसार उनीहरुले समय रोज्ने गरेको अनुसन्धानकर्ताको भनाइ रहेको छ। अनुसन्धानकर्ताका अनुसार महिलहरुको बडी फिगरका कारण उज्यालोमा सेक्स गर्न रुचाउँदैनन्। अष्ट्रेलियामा गरिएको एक अध्ययनमा ८०० जना मानिसमा सर्वे गरिएको थियो। धेरै तौल भएकी वा बिग्रेको फिगर भएका युवतीहरु वा महिलाहरु रातमा सेक्स गर्न रुचाउने अध्ययनले देखाएको थियो।

सर्वेमा ६० युवतीले अध्यारोमा सेक्स गर्न रुचाउने बताए। उनीहरुलाई उज्यालोमा कपडा फुकाल्न लाज लाग्ने बताएका थिए। उनीहरु आफ्नो सेक्स पार्टनरले खराब फिगर नदेखुन् भन्ने चाहान्थे। त्यस्तै ७३ जना युवतीहरुले आफ्नो तौलका कारण रातमा कपडा फुकाल्न र छुदाँ पनि लाज लाग्ने बताएका थिए। विशेषज्ञका अनुसार यस्ता महिलाहरुले आफ्नो खानपानमा ध्यान पुर्याउनु आवश्यक छ। उनीहरुले दैनिक व्यायाम गर्नुपर्छ। यो अनुसन्धानमा सर्वे अनलाइनको प्रयोग गरिएको थियो।

नोट : "माथि उल्लेखित स्वास्थ्य सम्बन्धि जानकारी विभिन्न अनलाइन तथा पत्रपत्रिकाहरुबाट साभार गरिएको हो। यी बिषयवस्तुहरु केवल जानकारीको लागी मात्र यहाँहरु समक्ष प्रस्तुत गरेका हौं। कुनै पनि स्वास्थ्य सम्बन्धि टिप्सहरु प्रयोग गर्नु भन्दा पहिला अनिवार्य रुपमा चिकित्सकको सल्लाह लिनुहोला।'

नेपाल सरकार
भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
सडक विभाग

सडक डिभिजन भक्तपुरको अनुरोध

सडक हामी सबैको साझा सम्पत्ति हो। यसको संरक्षण गर्नु हाम्रो दायित्व हो। सडक निर्माण गर्दा राज्यको ठूलो धनराशि खर्च हुन्छ। त्यसैले सडक डिभिजन भक्तपुर अन्तर्गत निर्माण भइसकेका र निर्माण तथा विस्तार हुँदै गरेका सडक संरचनामा प्रतिकूल असर पर्ने गरी निम्न क्रियाकलापहरु नगरिदिनु हुन विनम्र अनुरोध गर्दछौं।

१) सडक सीमा अतिक्रमण गरी घर, टहरा निर्माण नगरौं।
२) सडक तथा सडक पेटीमा निर्माण सामग्री राखी यातायात तथा पैदल यात्रीलाई अवरोध नगरौं।
३) सडक क्षमताभन्दा बढी भार प्रयोग नगरौं।
४) सडकमा गाडी धुने, सडकको नाली पुरी फोहोर गर्ने, सडक नालीमा ढल मिसाउनेजस्ता कार्य नगरौं।
५) सडकको पानी कुनै किसिमबाट निकास गरौं।

डिभिजन प्रमुख

# 'लाक्षागृह'बाट उम्केका डा. केसी

**गोविन्द अधिकारी**

*पूराकथाहरू सधै जीवित हुँदारहेछन्। अस्ति शुक्रवार प्राध्यापक डा। गोविन्द केसीले चिकित्सा शिक्षा सुधारका लागि गरेका १६ औं अनशन २४ औं दिनमा स्थगित गरेको दृश्य टेलिभिजनमा हेर्दैगर्दा मैले महाभारत आदिपर्वको लाक्षागृह दहनको कथा सम्झेँ। आमासहितका पाँचै पाण्डवलाई घरभित्रै जलाएर भष्म पार्ने हस्तिनापुरेहरूको षड्यन्त्र अन्तःपुरभित्रकै विदुरबाट थाहा पाएपछि पाण्डवहरू सुरुङ खनेर उम्के। पाण्डवहरू उम्केको थाहा नपाएका हस्तिनापुरेको इसारामा लाक्षागृहमा आगो लगाइयो। उनीहरूको षड्यन्त्रको पोल खुल्यो। सायद, सत्याग्रही डा। केसीलाई पनि हस्तिनापुरकै कुनै विदुरले शासकको दुर्नियतको संकेत दिएका थिए। सरकार वार्ता गर्नुको साटो उनी मरे भने अपनाउने रणनीतिको गृहकार्यमा लागेजस्तो देखिएको थियो। र, सम्भवतः त्यही रणनीतिको पहिलो चरण थियो डा. केसी र उनका समर्थकको दानवीकरण अभियान। सरकारका प्रवक्तादेखि नेपाल कम्युनिस्ट पार्टी ९नेकपा०का केही नेताले नेतृत्व गरेको भान हुने विष बमन अभियानले नेपाली समाजलाई दुई चिरा पारेको छ। 'कम्युनिस्ट फोयिबा भएका' केसी समर्थकहरू एकातिर र डा। केसीलाई 'समृद्धिका बाधक देशद्रोही' ठान्ने राष्ट्रवादीहरू अर्कातिर। डा। केसी समर्थकहरूले पनि सामाजिक सञ्जालमा रिस पोखेका छन् तर सरकार समर्थकहरूले जति दुष्टता देखाएका छैनन्। यद्यपि, डा। केसीले प्रधानमन्त्रीको स्वास्थ्य अवस्थाको र इमानको अभावका सम्बन्धमा गरेको टिप्पणी अलि कर्णकटु नै छन्। तर कम्युनिस्टहरूले त डा। केसीका विरुद्ध प्रतिअनशनकारी खडा गराए। आयोगहरूले दोषी ठहर गरेकालाई डा। केसीविरुद्ध उचाले।*

*डा. केसी अलि रुखा छन्। उनको बोली बेलाबखत छुचो पनि लाग्नसक्छ। तर, सरकार समर्थकहरूले जस्तो छुल्याइँ गरेका छैनन्। यसैले उनले प्रधानमन्त्री केपी शर्मा ओलीको इमानदारी र विश्वसनीयतामाथि औंला उठाउन सकेका हुनुपर्छ। उनका मागहरूमा सहमत नहुनेले पनि कम्तीमा विवेक भएको व्यक्ति कसैले डा। केसीको नियतमा शंका गर्दैन। सत्याग्रह स्थगित गर्ने बेला केसीले प्रधानमन्त्रीको इमानदारी र विश्वसनीयतामा प्रश्न खडा गरेका छन्। सरकारले उनीसँग वार्ता गरेर सम्झौताप्रति सम्मान गर्ने र कार्यान्वयनका क्रममा इमानदार हुने प्रण गरेको भए पनि सत्याग्रह स्थगित हुन्थ्यो। त्यतिबेला डा। केसीले सरकारलाई धन्यवाद दिँदै सत्याग्रह स्थगित गर्थे होलान्। त्यति हुन पाएको भएको भए संसदीय प्रक्रिया मिचिएर विधेयकले गुमाएको नैतिक वैधताको पनि क्षतिपूर्ति हुन्थ्यो। उपाय त अझै थियो। अध्यादेश राष्ट्रपतिले रोक्न मिल्ने व्यवस्था संविधानमा छैन तर संसद्बाट पारित विधेयक प्रमाणीकरण नगरी एक पटकलाई फर्काउन मिल्ने व्यवस्था नेपालको संविधान, २०७२ को धारा ११३ को उपधारा ९३०मा छ। हुनत, डा-। केसीसँग सरकारले गरेको सम्झौताअनुसार शेरबहादुर देउवा नेतृत्वको सरकारले माथेमा कार्यदलको सिफारिसअनुसारको अध्यादेश जारी गर्न राष्ट्रपति कार्यालयमा पढाउँदा आलटाल गर्न सल्लाह दिनेहरू अहिले पनि त्यहीँ नै छन्। यसैले राष्ट्रपतिले संसदीय मूल्यविपरीत प्रतिपक्षलाई पेलेर र सत्याग्रहीसँग गरेको सम्झौता र राष्ट्रिय हितविपरीतको विधेयक भए पनि फिर्ता पठाउने अपेक्षा खासै गर्न सकिँदैन। तर, राष्ट्रपति विद्यादेवी भण्डारीले पनि विवेक प्रयोग गरेर विधेयक फिर्ता पठाउने हो भने उनकै गरिमा बढ्थ्यो र समाजमा लोकतन्त्र तथा राष्ट्रपति संस्थाप्रतिको सम्मान बढ्थ्यो।*

*लाग्छ, पन्ध्रौं सत्याग्रहमा सम्झौता गर्नुपर्दा नै प्रधानमन्त्री केपी ओली इखिएका थिए। त्यतिबेला उनकै पार्टीका केही नेता पनि केसीलाई बचाउनुपर्छ भन्नेमा थिए। उनीहरूकै प्रयासमा सरकार वार्ता र सम्झौताका लागि तयार भएको थियो। जस प्रधानमन्त्री ओलीलाई दिइयो। तर, अहिले हेर्दा ओली उतिबेला आफ्नै विवेकले सम्झौताका लागि तयार भएका थिएनन् कि भन्ने सन्देह हुन्छ। सायद, सम्झौता गर्ने आदेश दिने बेलैमा त्यसलाई पालना नगर्ने रणनीति बनेको थियो। तत्कालको समस्या टार्ने र त्यसपछि डा। केसी र तिनका समर्थकलाई 'देखाइदिने' १ भयो पनि त्यही। यस्तै हो भने सरकारको विरोधलाई केही दिनपछि देशद्रोहका रूपमा अर्थ्याइने छ। प्रतिनिधि सभामा चिकित्सा शिक्षा विधेयक पारित भएको घोषणा गरिएकै दिन पनि नेपाली कांग्रेसका संसदीय नेतृत्वलाई सभामुखका तर्फबाट जबर्जस्ती नगर्ने आश्वासन दिइएको समाचार सार्वजनिक भएको छ। कांग्रेसको नेतृत्वले कम्युनिस्टहरूको धूर्त चरित्र चिनेन र धोका पायो। तर, नेपाली कांग्रेसले पनि चिकित्सा शिक्षा विधेयकलाई प्रमुख माग नबनाएर रणनीतिक गल्ती गरेको थियो। त्यतिमात्र हैन कांग्रेसको भूमिका पार्टीका रूपमा उति कुशल र विश्वसनीय देखिएन।*

*यसबाट नेपाली कांग्रेसको नेतृत्व अहिलेको चुनौती सामना गर्न सक्षम नभएको सिद्ध भएको छ। ९निर्वाचन हारेपछि नेतृत्व फेर्नुको साटो कांग्रेसहरू महासमितिबाट अनुमोदन गर्नेतिर लागे। अब अर्को महाधिवेनसम्म पार्टीको नेतृत्व फेरिने पनि छैन। संसद्मा भने दिनरात नभनी खट्न र सडकमा पनि उत्तिकै डट्नसक्ने नेतृत्वको खाँचो छ। ० कांग्रेसले निगरानी गर्न नसक्ने हो भने आगामी दिनमा सरकार थप अधिनायवादी हुने निश्चित प्रायः छ। अधिनायकवादी आकांक्षा सफल हुँदै गए शासकहरूमा सर्वसत्तावादी सनक चढ्छ। कम्युनिस्टहरू त यसै पनि सिद्धान्ततः नै सर्वसत्तावादी हुन्छन्। डा. केसीले हार्नु वा जित्नु ठूलो विषय हैन। उनलाई दसौंपटक धोका दिइएको छ। तर, पहिले डा। केसीविरुद्ध यसरी दुष्प्रचार गर्न सरकारी संयन्त्रकै प्रयोग गरिएको थिएन। सरकारले वार्ता नै नगर्ने हठ पनि गर्दैनथियो। अझ देशमा एक प्रकारको त्रासको वातावरण बनाइएको थिएन। यसपटक बढी नै घृणा र भयको विष समाजमा फैलाइएको छ। लाग्छ, डा। केसीसँग वार्ता नगर्ने सरकारी हठले जितेपछि अर्को चरणमा संक्रमणकालीन न्यायका क्षेत्रमा अतिक्रमण गर्ने र माओवादी विद्रोहकालको मानवताविरुद्धको अपराधमा 'आममाफी' दिएर न्याय खोस्ने प्रयास हुनेछ। अहिले सरकारले समातेको बाटोको गन्तव्य नै त्यही हो।*

*भनियो केसीका माग पूरा भए। तर सन्देश दिइएको छ डा। केसीलाई हराइयो। नेपाल त त्यस्तो मुलुक हो जहाँ खुला समाजका लागि गरिने पैरवीका लागि पनि कम्युनिस्टहरूले नेतृत्व गर्ने मौका पाउँछन्। विडम्बना, मौका पाएपछि कम्युनिस्टहरूले सधैं नै आफ्नो अधिनायकवादी अभीप्सा पूरा गर्न खोज्छन्। इमान उनीहरूका लागि रणनीतिक उपयोगिताको विषय बन्न पुग्छ। स्वार्थ मिले इमानदार पनि हुने नमिले त्यसलाई "परिस्थितिको उपज' भनिदिने १ डा। केसीलाई अरूले उचालेकाले अनशन गरेका र त्यही कारणले स्थगित गरेका भन्ने प्रचार पनि सरकारी अधिकारीहरूले नै गरेका छन्। कम्युनिस्टहरूले व्यक्ति स्वतन्त्र हुन्छ र डा। केसीजस्ता सत्याग्रही निर्देश हैन विवेकबाट चल्छन् भन्ने नै बुझ्दैनन्। डा। केसीको सत्याग्रहमा बदनियत देख्नेहरूले छातीमा हात राखेर आँखा चिम्ले आफैंलाई ढाँट्न सक्लान् ? व्यक्तिको स्वतन्त्र अस्तित्व त स्वीकार गर्न नसक्नेहरूले समाजको हित गर्छन् भनेर कसरी पत्याउने ?*

*र अन्त्यमा*

*अस्ति शुकवार दिउँसो सम्पदा संरक्षण अभियन्ताहरूले आयोजना गरेको एउटा कार्यक्रममा पुगेको थिएँ। काठमाडौं महानगरपालिकाले सहरी क्षेत्रमा निर्माणका लागि जारी गरेको निर्देशिकाले नगरको मौलिकता नाश हुने भय अधिकांश सहभागीमा देखियो। काष्ठमण्डप पुनर्निर्माणका लागि अभियानले आयोजना गरेका यस्तै कार्यक्रमहरूमा गत विगत वर्षहरूमा पनि सम्पदाप्रति चिन्ता र पुनर्निर्माणका लागि व्यग्रता प्रकट भएको धेरैपटक सुनेको थिएँ। पहिले र अहिलेमा फरक के देखियो भने पहिले झिनो भए पनि आशा र सम्पदा संरक्षण गर्न सकिन्छ भन्ने विश्वास पनि हुन्थ्यो अभियन्ताहरूमा। अहिले अभियन्ताहरूमा निराशा र एकहदसम्म यस नगरको प्राचीन सम्पदा लोप हुने डर बढ्दै गएको रहेछ। सर्वोच्च अदालतकै फैसलाहरूसमेत नजिर, प्रचलित कानुन र सम्पदासम्बन्धी मापदण्डविपरीत सम्पदा मास्नेहरूका पक्षमा हुन थालेका रहेछन्। साँच्चै नै नेपाली समाज आर्थिक, सामाजिक, राजनीतिकरूपमा राज्यसँग डराउन थालेको हो त ? हो भने यो सबैभन्दा डरलाग्दो विषय हो। लाक्षागृहबाट उम्केका पाण्डवले जस्तै हजारौं डा। केसीहरूले पनि सत्यका लागि महाभारत युद्ध गर्नुपर्ने हो त ? त्यसो हो भने डा। केसीहरूको जमात अलि बढ्नुपर्छ कि ?*

